# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामूहिक हित र सामूहिक भावनामा आवद्ध भई बसेको जनसमूहलाई नै समुदाय भनिन्छ। समुदायभित्र विभिन्न जाति, भाषा, धर्म, संस्कृति, आर्थिक अवस्था भएका मानी सहरूको बसोबास हुने गरेको भएता पनि सामुदायको हित र विकासको लागि सबैको एउटै उद्देश्य रहेको हुन्छ। प्रत्येक समुदायको आ-आफ्नै किसिमका विशिष्ट अवस्था र आवश्यकताहरू हुन्छन्, ती आवश्यकताहरूको परिपूर्ति गर्ने दायित्व पनि समुदायकै हो। यिनै आवश्यकताहरू मध्येको एउटा महत्वपूर्ण पक्ष शिक्षा हो। शिक्षाको विकास विना कुनै पनि राष्ट्र र समुदायको विकासको कल्पना समेत गर्न सकिदैन।

नेपालको शैक्षिक विकासको इतिहासलाई हेर्ने हो भने प्राचीनकाल, लिच्छविकाल र मध्यकालमा मन्दिर तथा गुम्बाहरूमा दिइने धार्मिक शिक्षा नै शिक्षाको आधार थियो। गुरुकूल तथा पितृकूलमा शिक्षा हासिल गरिन्थ्यो। गुरु तथा आफ्ना अभिभावहरूको आदेश पालना गर्नु, श्लोक कण्ठस्त गर्नुलाई नै शिक्षा हासिल गर्नु मानी न्थ्यो। त्यसबेला मन्दिर, गुम्बा तथा देवालयहरूमा दिइने शिक्षाको व्यवस्थापन व्यक्ति तथा समुदायबाट हुने गरेको थियो। त्यसपछि राजा पृथ्वीनारायण शाहको समयमा राज्यको सम्पुर्ण ध्यान राज्यको विस्तार र एकिकरणमा केन्द्रित रहेकाले शिक्षाको विकास हुन नसकेको इतिहास पाइन्छ। नेपालको एकीकरण पश्चातको आधुनिक कालमा पनि राज्यबाट शिक्षाको विकासमा उल्लेख्य काम हुन नसके पनि व्यक्ति तथा समुदायको अगुवाइमा नेपालको शैक्षिक विकासमा उल्लेख्य योगदान पुगेको पाईन्छ। सरकारी स्तरबाट वि.सं. १९१० सालमा जङ्ग ब. राणाले आफ्ना छोराछोरीको लागी खोलेको दरबार स्कुल नै पहिलो सरकारी विद्यालय भएता पनि यस भन्दा पछि वि.सं. १९२७ मा निलदेव पन्त र वाचस्पति पन्तले खोलेको संस्कृत पाठशाला, वि.सं. १९३२ मा बाल व्रम्हचारी षडानन्द अधिकारीले भोजपुरको दिङलामा खोलेको संस्कृत पाठशाला, वि.सं. १९३१ मा समुदायको सक्रियतामा राजराजेश्वरी घाटमा खोलिएको संस्कृत पाठशाला समुदायकै अगुवाइमा स्थापना र सञ्चालन भएका विद्यालयका नमूना हुन। वि.सं. १९९५ सालमा राणा प्रधानमन्त्री जुद्ध शम्शेरको कार्यकालमा शिक्षाको बढ्दो मागलाई दृष्टिगत गरी एक शिक्षा सम्बन्धि महत्वपूर्ण इस्तिहार जारी भै निजी तथा सामुदायिक विद्यालयहरू सञ्चालन गर्न अनुमति प्रदान गर्ने नीति कायम भयो। तत्कालीन डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनको स्वीकृती प्राप्त गरी विद्यालय सञ्चालन गर्ने व्यवस्था अन्तर्गत वि.सं. १९९८ साल

सम्ममा देशभरीमा सरकारी, सामुदायिक र निजी समेत गरी २०४ वटा विद्यालयहरूको स्थापना भएको देखिन्छ (शर्मा, २०५०) ।

वि.सं. १९९६-२००२ को नरसंहारकारी दोस्रो विश्वयुद्ध पछि उत्पन्न जनचेतनाको लहरबाट प्रभावित भै नेपालमा पनि राणा शासन विरुद्ध आन्दोलन भै वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भयो । क्रान्तिको सफलता संगै नेपाली जनताहरू राष्ट्रको चौतर्फी विकासको निमित्त सुसुप्त अवस्थाबाट जुर्मराउदै उठे । बदलिदो सामाजिक तथा व्यक्तिगत आवश्यकताहरू र साँगुरिदै गएको प्रतिस्पर्धात्मक अन्तराष्ट्रिय परिस्थितिको सन्दर्भमा समेत राष्ट्रिय आवश्यकताहरू पहिचान गरी समस्याहरूसँग जुधी कार्य गर्न सक्ने सक्रीय र शिक्षित जनशक्ति उत्पादनको निमित्त राष्ट्रिय शिक्षा योजना तर्जुमा गर्न तत्कालीन सरकारले वि.सं. २०१० मा सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा एक शिक्षा आयोग गठन गऱ्यो । यस आयोगले सम्पूर्ण पक्षको अध्ययन गरी वि.सं. २०११ सालमा आफ्नो प्रतिवेदन प्रस्तुत गऱ्यो । यसै गरी वि.सं. २०१७ सालको राजनीतिक परिवर्तन पछि अर्को आयोग बनाइयो । जसलाई सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ को नामले चिनिन्छ । यसले पनि सरकार समक्ष आफ्नो प्रतिवेदन पेस गऱ्यो । यिनै समितिका सुझावहरूलाई समेटेर एउटा छुट्टै योजना तर्जुमा गर्ने काम भयो । यो राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को नामले परिचित छ । यस योजनाले शिक्षा क्षेत्रमा युगान्तकारी परिवर्तनहरू ल्यायो । यस योजनाले शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरू निर्धारण, व्यवस्थित र एकिकृत पाठ्यक्रमको निमार्ण, पाठ्यपुस्तकको निर्माण, शिक्षाको संरचनामा हेरफेर, निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम र सेवा सुरक्षा जस्ता कुराहरूको व्यवस्था गरियो । यथार्थमा योजनाको कार्यान्वयन पक्षमा शिक्षा सञ्चालनको सम्पूर्ण प्रशासनिक, शैक्षिक र आर्थिक उत्तरदायित्व नेपाल सरकारले नै स्वीकार गऱ्यो (लोहनी, २०४५) ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले समुदायबाट स्थापना भई सञ्चानल भएका सम्पूर्ण विद्यालयहरूलाई राष्ट्रियकरण गरी विद्यालयको सञ्चालन, नियन्त्रण, आर्थिक उतरदायित्व बहन सम्पूर्ण सरकारले गर्ने व्यवस्था गरेको देखिन्छ । यसबाट सरकारी विद्यालयमा सुधार आउनुको सट्टा दिनप्रतिदिन सरकारी विद्यालयको गुणस्तर खस्कदै गयो भने संस्थागत विद्यालयको गुणस्तर बढदै गयो । संस्थागत विद्यालयहरूले स्वायत्तता प्राप्त गर्नुका साथै व्यवस्थापनमा सुधार गर्दै लगे भने सरकारी विद्यालयहरूमा समस्याले जटिल रुप लिदै गयो । सरकारले शैक्षिक व्यवस्थापनमा नयाँ विकल्प खोज्नु जरुरी भइसकेको थियो । विकसित मुलुकहरूमा भएको शैक्षिक प्रगतिको अनुशरण गरिनु नेपाल जस्तो एउटा गरीब पिछडिएको मुलुकको लागि स्वभाविक नै मान्नु पर्छ । नेपालमा विद्यालयको व्यवस्थापन समुदायद्वारा हुने कार्यक्रम लागू हुनु पूर्व भारत, अमेरिका, जापान, बुरुन्डी

लगायतका देशहरूमा यस कार्यक्रमले ज्यादै लोकप्रियता हासिल गरेको थियो । त्यसै अनुरुप नेपालमा पनि यो अवधारणको शुरुवात गरिएको हो (न्यौपाने, २०६१) ।

सामुदायिक विद्यालय सहयोग कार्यक्रमले निर्धारण गरेको कार्यक्रमको ढाँचा विद्यालय सहयोग कार्यक्रम निर्देशिका २०५९ ले सामुदायिक विद्यालयहरूले समुदायमा व्यवस्थापन भए वापत विद्यालयको विकासको लागि एकमुस्ट अनुदान, सशर्त अनुदान र प्रोत्साहन अनुदान प्राप्त गर्न सक्ने सुनिश्चितता निर्धारण गरेको छ । विद्यालयको व्यवस्थान समुदायमा व्यवस्थापन भएका विद्यालयहरूलाई प्रत्येक तह अनुसार एकमुस्ट रु एकलाख रुपैंया विद्यालयको भौतिक तथा शैक्षिक वातावरणको निर्माण तथा सुधारको लागि जिल्ला शिक्षा कार्यलयबाट प्रदान गरिने व्यवस्था छ । यस रकमलाई निःशर्त विद्यालयको सुधार तथा निर्माण गर्नको लागि खर्च गर्न सकिने व्यवस्था छ ।

विद्यालयको व्यवस्थापन समुदायलाई दिनुको अन्य कुनै कारण नभएर समुदायको सहभागिता वृद्धि गर्नको लागि हो । यस्ता विद्यालयले अरु विद्यालय सरह नै नियमित अनुदान पाउने र यस्तो अनुदान विद्यार्थी संख्याको आधारमा बढ्दै जाने सुनिश्चितताको पनि व्यवस्था छ । यस अनुदानका अलावा कार्यसम्पादनको आधारमा उत्कृष्ट कार्य गर्ने विद्यालयलाई विशेष प्रोत्साहन अनुदान प्रदान गर्ने व्यवस्था पनि गरिएको छ । यस्तो सामुदायिक विद्यालयमा थप आर्थिक व्यवस्थापन, भौतिक निर्माण, शैक्षिक व्यवस्थापन, शिक्षक तथा कर्मचारीको नियुक्ति जस्ता महत्वपूर्ण कार्य गर्न विद्यालय व्यवस्थापन समितिलाई नै अधिकार प्रदान गरिएको हुन्छ । विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिदा समुदायको नेतृत्व, रेखदेख, नियन्त्रण र मार्गदर्शन विद्यालयले अझ बढी प्राप्त गर्न सक्छ । समुदायलाई विद्यालयप्रति अपनत्वको भावना पैदा हुने गर्दछ । फलत : यसबाट राम्रा प्रभावहरू आउन सक्ने विश्वास गर्न सकिन्छ । हुनत : कुनै पनि कुरा गुण र दोषबाट मुक्त हुन सक्दैन । समुदायलाई विद्यालयको व्यवस्थापन जिम्मा दिदैमा सबै समस्याको समाधान निस्किहाल्छ भन्ने अपेक्षा गर्न सकिदैन र गर्न पनि हुदैन । असल कुरा त त्यही नै मान्नु पर्ने हुन्छ, जसमा दोषको भन्दा गुणको मात्रा बढी छ (शिक्षा तथा खेलकुद मन्त्रालय,२०५९) ।

नेपालको शैक्षिक इतिहास गुरुकूल पितृकूल शिक्षा पद्धतिबाट गुज्रदै तथा राज्य स्तरबाटै तल्लो श्रेणीमा राखिएको अवस्थाबाट पार हुदै अहिलेको अवस्थामा आइपुगेको छ । देशका अन्य राष्ट्रसेवकहरूले राज्यको तहबाट यथेस्ट सुविधाहरू पाउँदा पाउँदै पनि शिक्षकहरूले आफ्नो पारिश्रमिकका लागि समेत विद्यार्थी शुल्कमा निर्भर रहनुपर्ने अवस्था थियो । यसले गर्दा शिक्षकले आफ्नो पेसागत हकहित कै लागि संघर्ष गर्नुपर्ने भयो । यस्तो आवस्थामा कसरी समुचित शैक्षिक प्रगति हुने कुरामा विश्वास गर्न सकिन्छ । जे जस्तो भएता पनि जुन सोच र उद्देश्यका साथ

विद्यालयलाई समुदायमा व्यवस्थापन गर्ने नीति अगाडि सारिएको छ। त्यसको सही अर्थमा प्रतिफल आउने विश्वासका साथ सम्बन्धित सबै पक्ष जुट्नु आवश्यक हुन्छ (शर्मा र शर्मा, २०६१)।

शिक्षामा समयानुकूल परिवर्तन गर्ने उद्देश्यले नेपालमा समय समयमा विभिन्न समिति र आयोगको गठन भई कार्य भएको पाइन्छ। नेपालको शैक्षिक प्रणालीलाई हेर्ने हो भने शिक्षाको शुरुवात समुदायकै लगानी र अगुवाईमा भएको पाईन्छ। वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडि नेपालमा सामुदायिक, सरकारी र निजी गरी तीन किसिमका विद्यालयहरू थिए। तर यस योजनाले सबै सामुदायिक विद्यालयहरूलाई सरकारको नियन्त्रणमा ल्याई विद्यालयलाई सरकारी र निजी गरी दुई प्रकारका मात्र हुने व्यवस्था गऱ्यो। यस पछि वि.सं. २०५५ सालमा नेपाल सरकारद्वारा गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगले आफ्नो प्रतिवेदनमा विद्यालयलाई तिन प्रकारमा विभाजन गर्नुपर्ने सिफारिस गऱ्यो। यस अन्तर्गत सार्वजनिक विद्यालय, निजी विद्यालय र सामुदायिक विद्यालय हुनुपर्ने सुझाव छ। पछिल्लो पटक गठित शिक्षा सम्वन्धि उच्चस्तरिय कार्यसमिति २०५८ ले विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणा पत्र प्रस्तुत गऱ्यो। यसले विद्यालय शिक्षालाई दुई प्रकारको सामुदायिक र संस्थागत विद्यालय हुनेकुरा उल्लेख गऱ्यो। यसकै आधारमा अहिले सरकारी विद्यालयहरूले आफ्नो व्यवस्थापन समुदायमा व्यवस्थापन गर्नेकार्य कार्यान्वयन प्रकृयामा छ।

शिक्षा सम्बन्धी विभिन्न आयोग र समितिहरूका प्रतिवेदनहरू जसरी आए र जुनरुपमा कार्यान्वयन गरियो, आखिरमा सन्तोष मान्नुपर्ने ठाउँ रहेको देखिएन (शर्मा, २०६१)। पछिल्लो पटक वि.सं. २०५५ को उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन र वि.सं. २०५८ को शिक्षा सम्वन्धि उच्चस्तरीय कार्यसमितिको कार्यनीति र कार्ययोजना अनुसार विद्यालय समुदायलाई व्यवस्थापन गर्ने विषय कार्यान्वयन प्रकृयामा छ। यसको वास्तविक रुपमा शिक्षा क्षेत्रमा कस्तो प्रभाव परेको छ भन्ने कुराको समीक्षा गरिनु आवश्यक छ। यो अध्ययनले यही विषयको खोजी गर्ने उद्देश्य राखेको छ। यस कार्यको कार्यान्वयन शुरुभएदेखि हालसम्ममा समुदायमा धेरै विद्यालयहरू व्यवस्थापन भईसकेका छन्। यस्ता व्यवस्थापन भएका विद्यालयहरूको शैक्षिक, आर्थिक र भौतिक उपलव्धी कस्तो रहेको छ ? यसबाट देखिएका राम्रा र नराम्रा प्रभावहरू के के छन् ? यसबाट समुदायमा कस्तो प्रभाव परेको छ ? यसबाट विद्यालयको व्यवस्थापनमा कस्तो प्रभाव परेको छ ? यसै पक्षसँग सम्बन्धित भएर यो अध्ययन गरिएको छ। यस्ता विविध पक्षसँग सम्बन्धित भएर गरिने अध्ययन र अनुसन्धानबाट प्राप्त निश्कर्षहरू कमीकमजोरीहरू सुधार गर्नको लागि उपयोगी हुनेछन्।

## १.२ समस्याको कथन

कुनै पनि राष्ट्रको सर्वाङगीण विकासको लागि सबैभन्दा महत्वपूर्ण पूर्वाधार शिक्षा नै हो । शिक्षाको विकास विना राष्ट्र र समाज विकासको कल्पना समेत गर्न सकिदैन । यही कुरालाई मध्यनजर राखी नेपालमा वि.सं. २००७ सालको जनक्रान्तिको सफलता र प्रजातन्त्रको प्रादूर्भाव सँगै शिक्षा क्षेत्रको विकास गर्नको लागि नेपालसरकारबाट राय, सुझाव र सल्लाह दिनको लागि समय समयमा विभिन्न समिति र आयोगहरूको गठन भइ ती आयोगहरूबाट प्राप्त सुझावहरू कार्यान्वयनमा आएको पाईन्छ । तर त्यसबाट सन्तोषजनक रुपमा उपलब्धी हासिल भएको पाइदैन । यसै क्रममा वि.सं. २०५५ सालमा गठित उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले विद्यालयमा समुदायको सहभागिता बढाउने हेतुले विद्यालयको व्यवस्थापकीय पक्षको सम्पूर्ण जिम्मेवारी समुदयलाई व्यवस्थापन गर्दै जाने सिफारिस सरकार समक्ष प्रस्तुत गऱ्यो । यसैको आधारमा सरकारले शिक्षा ऐन तथा नियमावलीमा व्यवस्था गरी आ.ब. २०६०/२०६१ देखि विद्यालयको व्यवस्थापन समुदायलाई व्यवस्थापन गर्ने कार्य शुरु भयो । वर्तमान समयसम्ममा देशका धेरै सार्वजनिक विद्यालयहरूको व्यवस्थापन समुदायले जिम्मा लिइसकेको अवस्था छ । सामुदयिक विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि देखिएको समस्याहरूलाई यस अध्ययनले आफ्नो मुख्य विषयवस्तु बनाएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको आ-आफ्नै महत्व तथा औचित्य हुन्छ । त्यसैगरी यस अध्ययनको पनि आफ्नै किसिमको महत्व रहेको छ । यो अध्ययनले विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिदा शैक्षिक उपलब्धीमा देखिएको अन्तरको पहिचान गरिएको छ । आर्थिक एवं भौतिक अवस्थाको अध्ययन गरिएको छ । समुदाय र विद्यालय बीचको सम्वन्ध विद्यालयको व्यवस्थापन समुदायमा व्यवस्थापन भएपछि त्यसबाट विद्यालयको व्यवस्थापकीय पक्षमा परेको प्रभाव अध्ययन गरी राम्रा र कमजोरी पक्षहरू औंल्याइएको छ । जसबाट समुदायमा विद्यालयको व्यवस्थापन जिम्मा लिनुको औचित्य प्रष्टिने छ । त्यसैगरी समुदायमा विद्यालय व्यवस्थापनको जिम्मेवारी थपिएपछि विद्यालयको आर्थिक र भौतिक अवस्थामा कस्तो भिन्नता देखीयो, यसको फाइदा र बेफाइदा कति भनेर चासो राख्ने व्यक्ति, समुदाय, जि.शि.का., नेपाल सरकार, शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने दातृ निकाय, शिक्षा क्षेत्रमा सरोकार राख्ने सरकारी र गैह्र सरकारी संस्थाहरू पनि यस अध्ययनले सहयोग पुऱ्याउने आशा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि देहाय अनुसारका उद्देश्यहरू रहेका छन्:

क) समुदायद्वारा व्यवस्थापन गर्नु अघि र पछिको भौतिक एवम् आर्थिक स्थितिको पहिचान गर्नु ।

ख) समुदायद्वारा व्यवस्थापन गर्नु अघि र पछिको शैक्षिक अवस्था विश्लेषण गर्नु ।

ग) समुदायद्वारा विद्यालय व्यवस्थापन गर्दा देखिएका समस्याहरू पहिचान गरी समाधानका उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनलाई निम्न प्रश्नहरूको उत्तर खोज्नमा केन्द्रित गरिएको छ ।

क. विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिँदा विभिन्न अवस्थामा के कस्तो सुधार आएको छ ?

ख. विद्यालयको व्यवस्थापन कार्यलाई समुदायमा व्यवस्थापन गर्नु अघि र पछिको अवस्था तुलना गर्ने आधारहरू के बनेका छन् ?

ग. समुदायले व्यवस्थापन जिम्मा लिएका विद्यालयहरूमा थप समस्याहरू बढेका छन् ? ती समस्याहरू समाधान गर्ने उपाय के के हुन् ?

## १.६ अध्ययनको परिसिमा

प्रस्तुत शोधपत्र मोरङ जिल्लाको लेटाङ स्रोतकेन्द्र भित्र पर्ने समुदायद्वारा व्यवस्थापन गरिएका माध्यमिक विद्यालयहरूमध्येबाट ५ वटामा समित गरिएको छ । समुदायले जिम्मा लिनु अगाडि १ वर्षको र जिम्मा लिए पछिको १ वर्षको अवधिलाई लिई २ वर्षको भौतिक र शैक्षिक अवस्था सिमित गरिएको छ ।

## १.७ महत्वपूर्ण शब्दावलीको परिभाषा

| | |
|---|---|
| निर्देशिका | सामुदायिक विद्यालयहरूलाई नेपाल सरकारबाट गर्ने विभिन्न सहयोगका कार्यक्रमहरूलाई समाबेस गरी तयार गरिएको पुस्तिका । |
| सामुदायिक विद्यालय | अध्ययन क्षेत्र मोरङ जिल्लाका नेपाल सरकारबाट प्राप्त अनुदान र सहयोग बाट सञ्चालित सार्वजनिक विद्यालय । |
| खुद भर्नादर | अध्ययन क्षेत्रका सेवा क्षेत्र भित्रका विद्यालय उमेरका बालवालिकाहरूको जम्मा जनसंख्या संग कुनै एउटा विद्यालयमा भर्ना भएका विद्यार्थी संख्याको तुलना गरी निकालिएको प्रतिशत । |

| | |
|---|---|
| वार्षिक उपस्थितिदर | अध्ययन क्षेत्रका विद्यालयमा विद्यालय खुलेको दिनको आधारमा भएको उपस्थिति प्रतिशत । |
| व्यवस्थापन | विद्यालयको लागि आवश्य पर्ने आर्थिक, भौतिक र अन्य क्षेत्रसँग सम्बन्धित कामको जिम्मेवारी समुदायले बहन गर्ने कार्य । |
| प्रभाव | विद्यालयको व्यवस्थापन समुदायमा व्यवस्थापन भएपछि त्यसबाट देखापरेको राम्रो र नराम्रो असर । |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

समुदायद्वारा विद्यालयको व्यवस्थापन शीर्षकमा गरिएको अध्ययनका क्रममा यस अध्ययनसँग सम्बन्धित निम्न सामग्रीहरूको अध्ययन गरिएको थियो जसको समीक्षा यस प्रकार गरिएको छ ।

भट्ट (२०६१) का अनुसार सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा व्यवस्थापन गर्ने कार्यक्रमले विकेन्द्रीकरणको भावना र स्थानीय स्वायत्त शासन ऐनलाई आत्मसाथ गरेको पाइयो । समुदायका व्यक्तिहरूमा विद्यालयप्रति अपनत्वको भावना बढाएको पाइयो । विद्यालयका सरोकारवालाहरूमा क्षमता अभिबृद्धि गर्ने प्रयास गरेको पाइयो । आवश्यक तयारीविना कार्यक्रम लागू गरिएको तथा प्रचार प्रसारको कमी भएको, अभिभावकहरूमा राम्रो चेतनाको अभाव रहेकोले अधिकार र कर्तव्यको बोध हुन नसकी सरोकारवालाहरूसँग अनावश्यक वेमेलको स्थिति सृजना भएको देखियो । सरकारले दिने अनुदानको वितरणमा वैज्ञानिकताको अभाव रहेको, शिक्षकहरूमा यस कार्यक्रमप्रति सकारात्मक भावनाको कमी हुनु, शिक्षकहरूले आफ्नो सेवा र सुविधाको कमी हुन सक्ने भयले कार्यक्रमलाई नकारात्मक रुपमा यसको व्याख्या गर्नु, विद्यालयको व्यवस्थापन प्रकृयामा अनावश्यक झन्झट र बोझिलोपन विद्यमान रहेले हाल भएका नीति नियमले सम्बन्धित सम्पूर्ण पक्षलाई समेट्नु, पनि विद्यालयको अवस्था के हुने भन्ने सम्बन्धमा समुदायका व्यक्तिहरूमा अन्योलता रहेको पाइयो । कार्यक्रमलाई सवैले राम्रो र प्रभावकारी ठानेका तर यसको प्राविधिक पक्षमा भने अपर्याप्तता रहेको देखियो । समुदायमा नगएका विद्यालयहरूले व्यवस्थापन कार्यक्रमको उद्देश्य र फाइदाका बारेमा जानकारी नपाएका तथा सरकारको अनिश्चितताको कारणले गर्दा पछि विद्यालय अन्यौलमा पर्ने शंका गरेकाले व्यवस्थापन जिम्मा नलिएको पाइयो ।  शिक्षकले आफ्नो सेवा सुरक्षाको अनिश्चितताको कारणले समाजमा व्यवस्थापन प्रकृयाको वारेमा सकारात्मक सन्देश नदिएको पाइयो ।

सुवेदी (२०६०) का अनुसार विद्यालयको व्यवस्थापन समुदायमा व्यवस्थापन गर्दा स्थानीय वातावरण, आवश्यकता र समस्या अनुसार कस्तो ज्ञान, सीप बालबालिकाहरूलाई दिने भन्ने निर्णय समेत गर्न समुदायलाई जिम्मेवारी दिनुपर्ने निष्कर्ष दिइएको छ । यसबाट स्वस्थ्य प्रतिस्पर्धा हुन गई गुणस्तरीय शिक्षाको पँहुच पुग्ने छ । जसमार्फत शैक्षिक क्षति कम हुनगई सामुदायिक विद्यालय प्रति अपनत्व बढ्ने एवँ सञ्चालनमा सहजता आउने कुरा बताईएको छ । विद्यालय समुदायकै लागि

खोलिने भएकाले समुदायलाई सशक्त र जवाफदेही बनाउन यो कार्यक्रम सान्दर्भिक हुँदाहुँदै पनि पर्याप्त मात्रामा गृहकार्य नगरी एक्कासी कार्यान्वयनमा ल्याइनु, सरोकारवालाहरू विशेष गरी शिक्षक संघ संगठन, शिक्षाविद तथा आम अभिभावकहरू र नागरीकसमाजका बीच छलफल नगरी दातृनिकायको अनुरोधमा कार्यक्रम ल्याइनु जस्ता कुराहरूले जनसर्मथनमा कमी भएको आभास निष्कर्षमा उल्लेख गरिएको छ ।

निरौला (२०६३) ले आफ्नो अध्ययनमा सामुदायिक विद्यालयले समुदायमा व्यवस्थापन गर्ने कार्यक्रमको प्रभावकारीताबाट विद्यालयहरूमा विद्यार्थीहरूको खुद भर्नादर र सहजै देखीने भर्नादर बढेको, विद्यर्थीहरूको कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी आएको, प्राथमिक तह पुरा गर्ने दर र सिकाई उपलब्धी दरमा वृद्धि भएको, शिक्षकहरू र विद्यार्थीहरूको उपस्थिती दर बढेको, विद्यालयले विभिन्न शीर्षकमा नगद अनुदान प्राप्त गरी आर्थिक र भौतिक रुपले पहिलाको भन्दा सबल भएको, विद्यालयप्रति समुदायको संलग्नता बढेको, विद्यालय व्यवस्थापन समितिले स्वायत्तता प्राप्त गरेको जस्ता राम्रा प्रभाावहरू परेको निष्कर्षमा उल्लेख गरिएको छ । त्यसै गरी आर्थिक प्रलोभनको कारणले विद्यालयको व्यवस्थापन जिम्मा लिनु, समस्याको समाधान गर्न सक्ने क्षमता विकास नहुनु, अनुदान रकमको सदुपयोग हुन नसक्नु, शिक्षकहरूमा पेसागत ग्यारेन्टीलाई लिएर चिन्ता उत्पन्न हुनु, टाठाबाठा अभिभावकले प्रभुत्व जमाउनु, विद्यालयको प्रशासनिक काममा दबाव पर्नु जस्ता नराम्रा प्रभावहरू परेको निष्कर्षमा उल्लेख गरिएको छ ।

गौतम (२०६६) ले आफ्नो अध्यायनमा सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा व्यवस्थापन गर्ने कार्यक्रमको प्रभावकारिता बाट विद्यालयमा विद्यार्थीको भर्ना बढेको, विद्यालयमा शिक्षक तथा विद्यार्थीहरूको नियमितता बढेको, विद्यार्थीहरूको औषत प्राप्ताङ्क बढेको, आर्थिक तथा भौतिक रुपले विद्यालय पहिलाको भन्दा सुदृढ भएको, विद्यालयका हरेक क्रियाकलापहरू पारदर्शी हुदै गएको जस्ता राम्रा प्रभावहरू परेको निष्कर्षमा उल्लेख गरिएको छ । त्यसै गरी शिक्षकको पेसागत सुरक्षाको प्रत्याभूति दिन नसकिएकोले कार्यक्रमको विस्तारमा अपठ्यारो परेको, अभिभावकहरूमा चेतना अभिवृद्धि हुन नसकेको, जिल्लाबाट गरिने निरीक्षण प्रणालीमा सुस्तता आएको, आर्थिक प्रलोभन बढेको जस्ता नराम्रा प्रभावहरू परेको निष्कर्षमा उल्लेख गरीएको छ ।

माथि उल्लिखित सम्बन्धित साहित्यको पुनरावलोकनबाट समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरणबाट विद्यालयमा त्यसको सकारात्मक तथा नकारात्मक दुवै किसिमका प्रभाव परेको कुरा पुष्टि हुन्छ । कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यसको सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पर्छ । तर कार्यक्रमलाई सफल बनाउन नकारात्मक कुरालाई हटाउदै सकारात्मक

कुराहरूलाई अंगाल्दै अगाडि बढ्न आवश्यक हुन्छ । दातृनिकाय र राष्ट्रको अनुरोधमा जनमत नबुझी सरकारले एकलौटी रुपमा निर्णय गरी राज्य शिक्षाको दायित्वबाट पन्छेर शिक्षाको दायित्व जनतामा थोपर्न खोजेको हो भने पनि यो कार्यक्रम असफल हुन सक्छ । त्यसैले कार्यक्रमलाई सफल बनाउन वा कार्यक्रमको प्रभाव राम्रो पार्न शिक्षासँग सरोकार राख्ने सवै पक्षको सहभागिता अपरिहार्य हुन जान्छ । कार्यक्रमबाट प्राप्त हुने क्षणिक लाभ र फाइदाको आधारमा कार्यक्रम राम्रो भएको मूल्याङ्कन गर्नुभन्दा यसको दीर्घकालीन असर कस्तो हुन्छ भनेर विश्लेषण गरी त्यसकै आधारमा कार्यक्रम अगाडि बढाउदा राम्रो हुन्छ । माथि उल्लिखित सम्बन्धित साहित्यको अध्ययनबाट समुदायद्वारा विद्यालयको व्यवस्थापन पछि गर्नुपर्ने कार्यहरू बारे उपयोगी सुझाव र सल्लाह प्राप्त भएका छन् । तिनको सही अध्ययन, विश्लेषण र कार्यान्वयन गर्न सके समुदायमा विद्यालयको व्यवस्थापन व्यवस्थापन गर्ने कायक्रमले सार्थकता पाउने कुरामा कसैको दुईमत हुन सक्तैन । त्यसैले ती सुझाव र सल्लाहको अनिवार्य कार्यान्वयन कार्यक्रमको सफलताको लागि अपरिहार्य आवश्यकता हो ।

## २.२ सैद्धान्तिक खाका

ल्याटिन अमेरिकामा विकेन्द्रित शिक्षा प्रणालीको केही अभ्यास भएको थियो । मूलभूत रुपमा तीन किसिमबाट विकेन्द्रीकरणको प्रकृया अवलम्बन गरिएको थियो । ती हुन सुक्ष्मीकरण, क्षेत्रिय करण तथा नगरीकरण । सुक्ष्मिकरण प्रणाली अन्तर्गत केन्द्रिय विद्यालयहरू सञ्चालित भए जो बहुतै उच्च गुणस्तरका मानी न्छन । ती प्रकृया मार्फत अन्य विद्यालयलाई शैक्षिक सेवाहरू उपलब्ध गराईन्छ । क्षेत्रीयकरणमा निर्णय गर्ने अधिकार केन्द्रबाट क्षेत्रीय तहसम्म प्रत्यायोजित हुन्छ र शैक्षिक व्यवस्थापनको इकाई क्षेत्रलाई मानी न्छ । विकेन्द्रीकरणको तेस्रो अवस्थामा निर्णय गर्ने अधिकार गा.वि.स./न.पा. लाई हुन्छ जो वास्तविक रुपमा निर्णय गर्ने अधिकार समुदायमा ल्याउन सफल सावित भएको हुन्छ (श्रेष्ठ, २०६६) ।

टेलर (१९११) ले “वैज्ञानिक व्यवस्थापनको सिद्धान्त” भन्ने पुस्तक मार्फत वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरेको पाइन्छ । उनलाई वैज्ञानिक व्यवस्थापन सिद्धान्तका पिता पनि भनिन्छ । विसौं शताब्दीका शुरुका वर्षहरूमा उत्पादकत्व बढाउने कार्य दक्ष कामदारहरूको भएकाले कार्यदक्षता बढाएर उत्पादकत्व बढाउने चुनौति थियो । त्यसबेला कामदारको कार्यदक्षता बढाउने उद्देश्यले नै वैज्ञानिक व्यवस्थापनको शुरुवात भयो । “वैज्ञानिक व्यवस्थापन भनेको मानी सलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरूले राम्रो र किफायती ढङ्गले सम्पन्न गर्न सक्छन् भन्ने कुरा सही ढङ्गले जान्ने कला हो । टेलरको प्रमुख मान्यता उत्पादकत्व

क्षमता बढाउनु भनेको न्यूनतम लागतमा अधिकतम नाफा आर्जन गर्नुमात्र होइन कामदारलाई उत्पादकत्व क्षमताका आधारमा पारिश्रमिक समेत बृद्धि गर्नु हो । कामदारको मनोबल उच्च राख्न उनीहरूलाई लाभांशको भागिदार समेत बनाउनु पर्दछ । उत्पदनमा कमी आउने कारणमा व्यवस्थापनमा हुने लापर्वाही र कामदारलाई बेवास्था गर्नु पनि हो । कठोर कानुनी प्रावधान भन्दा बैज्ञानिक व्यवस्थापनले मानवीय शक्ति र प्रयासको अधिक मात्रामा प्रयोग गरी उत्पादकत्व वृद्धि गर्न सकिन्छ । कामदारलाई पुरस्कारको व्यवस्था, तालिमको व्यवस्था, कामदार र मालिकका बीचको मैत्रिपूर्ण सम्बन्ध जस्ता कार्यहरूको विकास टेलरका महत्वपूर्ण योगदानहरू भित्र पर्दछन् ( कोइराला र श्रेष्ठ, २०६३) ।

मायो (१९८०) ले व्यवस्थापनको क्षेत्रमा लामो समयको अनुभव पश्चात मानव सम्बन्ध सिद्धान्तको प्रतिपादन गरी व्यवस्थापनको क्षेत्रमा ठूलो गुन लगाए । व्यवस्थापनको क्षेत्रमा काम गर्ने कामदार एवं मजदुरहरूको शैक्षिक योग्यता, तालिम, सेवा सुविधा तथा पदोन्नति जस्ता कुराहरूले संस्थालाई अवश्य प्रभाव पार्छ । उनका बीचारमा कुनै पनि संस्थाले संस्थागत सुधार गर्न कर्मचारीहरूको कमीकमजोरी पत्ता लगाई समन्वय र प्रेरणा प्रदान गर्नु पर्दछ । योग्यता अनुसार नेतृत्व विकास गराउनु पर्छ र उनीहरूको दक्षता बढाउन सिपमुलक तालिम दिइनु पर्छ । वास्तविक र दोहोरो सञ्चार प्रणाली अपनाउनु पर्छ । कार्यदक्षता बढाउन शैक्षिक दक्षताका साथै सामाजिक दक्षता बढाउनु पर्छ । मानी सलाई दया, माया, स्नेह, सम्मान र सत्कार आवस्यक हुन्छ । उत्पादकत्व भन्ने कुरा प्राविधिक पक्ष मात्र नभई सामाजिक पक्ष पनि हो भन्ने ठहर उनको रहेको छ (कोइराला र श्रेष्ठ, २०६३) ।

फोलेट (१८६८) का बीचारमा उत्पादन बढाउन ब्यक्तिको भावना बुझेर कामदार र प्रशासक बीचको मानवीय सम्वन्ध विकास गर्नु पर्छ । मानवीय नाताको स्थापना गरी मनोवैज्ञानिक तरिकाबाट विभिन्न मनमुटाव र द्वेषको भावना समाप्त गर्नु पर्छ । उनले पुस्तकमा मानवीय सम्वन्धको विविध पक्षलाई सरलता पूर्वक उल्लेख गरेकी छिन् । जति धेरै राम्रो सम्वन्ध समन्वय स्थापना गर्न सकियो, त्यतिनै राम्रो समन्वय भई काममा स्तरीयता एवं प्रभावकारिता हासिल हुन्छ । उनले प्रजातान्त्रिक र सहभागितामूलक सिद्धान्तलाई जोडदिएकी छिन । सामुदायिक भावनाले नै अत्याधिक सफलता हाँसिल हुने उनको ठहर छ (कोइराला र श्रेष्ठ, २०६३) ।

## २.३ पुनरावलोकनको उपादेयता

यस अध्ययनलाई पूर्णता दिन सम्बन्धित साहित्यको समीक्षा, विभिन्न वैज्ञानिकहरूको सिद्धान्त तथा प्रवर्तनहरूलाई आधार मानी अगाडि वढाइएको छ । विशेष गरी व्यवस्थापनको

क्षेत्रमा प्रयोग गरिएको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त, मानव सम्वन्ध सिद्धान्त लगायतका सिद्धान्तहरूले फरक फरक धारणाहरू प्रस्तुत गरेता पनि तिनले आखिरमा संगठनको आन्तरिक दक्षतामा अभिवृद्धि गरेर संगठन वा संस्थालाई मजवुत बनाएनुको साथै संस्थाको इज्जतलाई बढाउन सहयोग पुऱ्याउने कुरामा जोड दिइएको छ। परम्परागत रुपमा मालिक र दासको रुपमा काम गर्ने वा यान्त्रिक प्रविधिबाट काम गराउनुको सट्टा कामदारलाई प्रोत्साहन गरी उनीहरूको सीप विकास गर्ने, उत्प्रेरणा दिने, जिम्मेवारी वोध गराउने, माया, ममता र स्नेह दिने, सिधा सम्पर्क गर्ने, कामदारको समस्या बुझिदिने जस्ता कार्य गरेर कामदार सन्तुष्ट भई कार्यप्रति लगनसिल वन्न थाल्छ। यी सिद्धान्तहरू केवल औद्योगिक क्षेत्रमा मात्र नभई शैक्षिक क्षेत्रमा समेत लागू हुदै आएको पाइन्छ।

उदाहरणको लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्त विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभावकारिता, शैक्षिक गुणस्तर वृद्धि लगायत विविध पक्षमा सुधार ल्याउनको लागि उपयोगी हुन सक्छ। विद्यालयको व्यवस्थापनको लागि कसले के काम गर्ने, कुनै पनि कामलाई राम्रोसंग सम्पन्न गर्न कसरी कामको बाडफाड तथा अधिकार प्रत्यायोजन गर्ने, कसलाई कामको जिम्मा दिने भन्ने कुराले पनि प्रभाव पार्दछ। टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त बमोजिम विद्यालयमा उपलब्ध स्रोत र मानव संशाधनलाई अधिकतम उपयोग हुने गरी प्रयोग गर्न सकिन्छ। विद्यालयका प्रधानध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावकहरू, समुदायलाई आ-आफ्नो जिम्मेवारी बहन गर्न र विद्यालयको हरेक क्रियाकलापमा सम्पूर्ण पक्षलाई उत्तरदायी बनाउँदै लैजान यस सिद्धान्तलाई महत्वपूर्ण रुपमा लिन सकिन्छ। यस प्रकार बैज्ञानिक व्यवस्थापन सिद्धान्तले विद्यालयको शैक्षिक क्रियाकापलाई सुनिश्चित गर्न, संगठित गर्न र प्रभावकारी बनाउन, विद्यालयको व्यवस्थापनमा समुदायको सक्रियता बढाउन प्रत्यक्ष रुपमा सहयोग पुऱ्याएको छ।

विद्यालयको व्यवस्थापकिय पक्ष एवं समग्र पक्षलाई समेटेर विविध क्षेत्रमा गरिएका महत्वपूर्ण अध्ययनहरूबाट प्राप्त भएका निस्कर्षहरू र यस अध्ययनको लागि प्राप्त हुने प्राथमिक र द्वितिय तथ्यांकहरूको विश्लेषणबाट प्राप्त प्राप्तिहरूलाई तुलना गर्दै अध्ययन कार्यलाई अगाडि बढाउन र निष्कर्षमा पुग्न सम्बन्धित साहित्यको समीक्षाले सजिलो बनाएको छ। यसका आधारमा आगामी दिनहरूमा कस्ता शैक्षिक कार्यक्रम ल्याउदा सरोकारवालाहरू वढी उत्प्रेरित र लाभान्वित हुन सक्छन् साथै विद्यालयको आन्तरिक दक्षतामा बृद्धि भई व्यवस्थापकिय पक्ष कसरी मजवुत हुन्छ भन्ने तर्फ इङ्गित गर्न पनि सम्बन्धित साहित्यको समीक्षाले थप सहयोग पुऱ्याएको छ।

# परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा अनुसन्धान ढाँचा, जनसङख्या, नमुनाको छनौट, नमुना छनौटको आकार, नमुना छनौटको विधि, नमुना छनौटको आधार, अनुसन्धानका साधानहरू, साधनको वैधता, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलनको प्रक्रिया, तथ्याङ्क विश्लेषणको प्रक्रियामा आधारित भएर प्रस्तुत गरिनेछ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययनमा आवश्यक पर्ने तथ्याङ्कहरू संकलन गर्न, संकलित तथ्याङ्कहरूको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण गर्नको लागि गुणात्मक तथा परिमाणात्मक दुवै अनुसन्धान पद्धतिलाई अपनाइएको छ ।

## ३.२ जनसंख्या

अध्ययनको लागि छनौट गरिएका लेटाङ स्रोतकेन्द्रका सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरूका प्र.अ.हरू, विद्यालय व्यवस्थापनका अध्यक्षहरू, शिक्षकहरू, स्रोतव्यक्ति, विद्यालय निरीक्षक र अभिभावकहरू यस अध्ययनका जनसंख्याका रुपमा रहेका छन् ।

## ३.३ नमूना छनौट

यस अध्ययनको नमुना छनौटका क्रममा निम्नानुसारका प्रक्रियअनुसार सम्पन्न गरिएको छ ।

### ३.३.१ नमूनाको आकार

लेटाङ स्रोतकेन्द्र भित्रका समुदायमा भएका विद्यालयहरू मध्येबाट ५०% माध्यमिक विद्यालयलाई लिइएको छ । ति विद्यालय भित्र पर्ने व्यवस्थापन समितिका अध्यक्षहरू ५जना, प्र.अ. ५जना , शिक्षक १०, अभिभावकहरू १५ जना र १वि.नि र एक श्रोत व्यक्तिलाई नमूनाका रुपमा लिइएको छ ।

### ३.३.२ नमूना छनौट विधि

विद्यालयको व्यवस्थापन भएका सामुदायिक विद्यालयहरू मध्ये उद्देश्यमूलक नमूना छनौट विधिबाट ५ वटा  विद्यालय समान सम्भावनाको आधारमा शिक्षकहरू र अभिभावकहरू उद्देश्य

मूलक आधारमा प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई नमूनाको रुपमा छनौट गरिएको छ ।

### ३.३.२ नमूना छनौटको आधार

अनुसन्धानकर्ताको शैक्षिक उद्देश्य प्राप्ती गर्नका लागि गरिने यो अध्ययनका लागि नमूनाको छनौट गर्ने मुख्य आधार भौगोलिक क्षेत्र, मितव्ययिता, तथ्याङ्क प्राप्त गर्न सजिलो, यातायातको सुविधा, आफ्नो अध्ययनक्षेत्र र समय, साधन र स्रोतलाई आधार मानी नमूनाको छनौट गरिएको छ । यसैगरी भौगोलिक सन्तुलन, विद्यालयको स्तरियता, समेतलाई नमूना छनौटको आधार मानी एको छ ।

## ३.४ अनुसन्धानका साधन

अध्ययनको लागि आवश्यक अनुसन्धान गर्नको लागि निम्नानुसारका साधनहरू निर्माण गरी प्रयोग गरिएको छ ।

### ३.४.१ असंरचित अन्तर्वार्ता निर्देशिका

कुनै पनि विषयमा व्यक्तिको बीचार वा धारणा बुझ्नको लागि पूर्व निर्धारित मापदण्ड नअपनाई अवस्था र आवश्यकता अनुसार सञ्चालन गरिने अन्तर्वार्तालाई  नै असंरचित अन्तर्वार्ता भनिन्छ । विद्यालय निरिक्षक र स्रोत व्यक्तिहरूबाट तथ्याङक संकलन गर्नको लागि यसको प्रयोग गरिएको छ । अन्तर्वार्ता निर्देशिकालाई अनुसूची १ मा राखिएको छ ।

### ३.४.२ अन्तर्वार्ता प्रश्नावली

कुनै विषय, वस्तु वा घटनाको सम्बन्धमा व्यक्तिको बीचार बुझ्नको लागि तयार गरिएको प्रश्नहरूको संगालो नै प्रश्नावली हो । प्रश्नावलीको प्रयोग गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रधानध्यापक, शिक्षकहरू र अभिभावकहरू बाट तथ्याङक संकलन गरिएको छ । प्रश्नावलीलाई अनुसूची २,३,४ र ५ मा राखिएको छ ।

### ३.४.३ रुजुसूचि

अवलोकनद्वारा व्यक्ती, वस्तु तथा अन्य तत्वहरूको उपस्थिती अथवा अनुपस्थिती जनाउन तयार गरिएको वाक्यांशहरूको सूचिलाई रुजुसूचि भनिन्छ । विद्यालयहरूको भौतिक अवस्थाहरूको

अवलोकन गरी सूचना संकलन गर्न यसको प्रयोग गरिएको छ । रुजुसूचीलाई अनुसूची ६ मा राखिएको छ ।

तथ्याङक संकलनको लागि निर्माण गरिएको साधनहरूमा वैधता कायम गर्न का लागि विभिन्न उद्देश्य अनुसारको वैद्यता कायम राख्न  विद्यालयका प्र.अ., स्रोतव्यक्ति, शिक्षकसँग छलफल गरिएको छ । त्यस्तै विद्यालयमा रहेका अभिलेखहरूलाई ध्यान दिएर पनि वैधता कायम गरिएको छ । वैधता कायम राख्नको लागि शोध निर्देशकको सहयोग लिइएको छ ।

## ३.५ तथ्याङ्कका स्रोतहरू

अध्ययनको क्रममा तथ्याङ्क संकलन गर्न निम्न अनुसारका दुईवटा स्रोतहरूको उपयोग गरिएको  छ ।

### ३.५.१ प्राथमिक स्रोत

अनुसन्धानको लागि छनोट गरिएका साधनहरूको सहायताबाट अनुसन्धानकर्ता आफैले संकलन गरि ल्याएका तथ्यांकहरू प्राथमिक श्रोत अन्तरगत राखिएका छन् ।

### ३.५.२ द्वितीय स्रोत

अनुसन्धानको क्रममा विभिन्न दस्तावेज र रेकर्डहरू हेरी प्राप्त हुने तथ्याङ्क नै तथ्याङ्क संकलनको द्वितीय स्रोत हो । यस अन्तर्गत विद्यालयका अभिलेखहरू, मार्कलेजर, विद्यार्थी प्रगतीविवरण, शिक्षक विद्यार्थी उपस्थिती बही, डायरी लगायतका सामग्री हेरी सूचनाहरू संकलन गरिएको छ ।

## ३.६ तथ्याङक संकलन विधि

तथ्याङ्क संकलन प्रकृया अनुसन्धान कार्यको एक महत्वपूर्ण पक्ष हो यस कार्यमा भएका साना साना त्रुटिहरले पनि अनुसन्धान कार्यलाई ठूलो असर पुऱ्याउछ । त्यसैले यस कार्यमा त्रुटि नहोस् भन्नका लागि अध्ययनकर्ता आफै सचेत र संवेदजनशिल रहनु पर्दछ ।

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्यांकहरूको संकलनका लागि साधनको निर्माण गरी सकेपछि छनौटमा परेका विद्यालयमा आफु उपस्थित हुन कुराको अग्रिम जानकारी गराईयो र विद्यालयले आफ्नो अनुकुलको दिनमा विद्यालयमा आउन सक्ने अनुिमति दिएपछि तथ्याङ्क स्रोतका आधारमा प्राथमिक स्रोतलाई प्रयोग गरी अनुसुची १, २, ३, ४, ५ र ६ मा निर्माण गरिएका प्रश्नावलीहरू र रुजुसुचीको प्रयोग गर्दै अनुसन्धान कर्ता अफैंबाट तथ्याङ्क संकलन गरिएको र

अझ्थप जानकारी लिनको लागि द्वितिय स्रोत वा विद्यालयका विभिन्न अभिलेखहर, विद्यार्थी प्रगती विवरण, मार्कलेजर, शिक्षक विद्यार्थी उपस्थिती बही, डायरी, दस्तावेजहरू हेरी अनुसन्धानकर्ता आफैले तथ्याङ्क संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

विभिन्न स्रोतहरूबाट प्राप्त तथ्याङ्कलाई सहि रुपमा बुझ्न यसको विश्लेषण गरिनु पर्दछ । तथ्याङ्कको विश्लेषण नगरिएको अवस्था सम्म तथ्याङ्क आफैंमा पूर्ण भएको मानी दैन । तथ्याङ्कबाट प्राप्त गर्न खोजिएको विषयवस्तु के हो ? तथ्याङ्कले के वोल्छ ? तथ्याङ्कले अध्ययनको विषयलाई कति समेट्न सक्दछ ? आदि कुराको निर्क्योल गर्न तथ्याङ्कको विश्लेषण गरिनु पर्दछ ।

यस अध्ययनमा विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कलाई तालिकावद्ध गरिएको छ द्वितीय तथ्याङ्कका स्रोतबाट आएका तथ्याङ्कलाई विषयवस्तु अनुसार छुट्टाछुट्टतालिकामा प्रस्तुत गरिएको छ । तालिकामा प्रस्तुत गरिएको संख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा उल्लेख गरि स्तम्भ चित्रमा देखाउनुका साथै व्याख्या विश्लेषण गरिएको छ । त्यसैगरि प्राथमिक तथ्याङ्कका स्रोतहरू प्रश्नावली र अन्तर्वार्ताबाट प्राप्त भएका तथ्यांकलाई पनि तालिकामा प्रस्तुत गरी संख्यात्मक रुपमा उल्लेख गर्नुका साथै प्रतिशतमा देखाइ व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्यांकको विश्लेषण तथा व्याख्या

समुदायद्वारा विद्यालयको व्यवस्थापन शीर्षक अध्ययनमा विद्यालयका शैक्षिक सूचकहरू, आर्थिक र भौतिक अवस्थाको पहिचान, व्यवस्थापकिय पक्ष र समुदायसँगको सम्बन्धमा रहेको महत्व अध्ययन गर्ने सन्दर्भमा मोरङ जिल्ला अन्तर्गत पर्ने सम्पूर्ण सामुदायिक विद्यालयहरू मध्येबाट लेटाङ स्रोतकेन्द्र भित्र पर्ने ५ वटा समुदायद्वारा विद्यालयको व्यवस्थापन भएका माध्यमिक विद्यालयहरूलाई नमूनाको रुपमा छनौट गरी अध्ययनमा समावेश गरिएको थियो । सम्बन्धित विद्यालयका अभिलेख, विद्यालय निरिक्षक तथा स्रोतव्यक्तिबाट प्राप्त जानकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, विद्यालयका शिक्षक तथा अभिभावकहरूबाट प्राप्त भएको सूचनाका आधारमा तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ । तथ्याङ्क संकलनका प्रमुख स्रोतहरू विद्यालय अभिलेख, प्रश्नावली तथा अन्तर्वार्ता रहेका छन् ।

## ४.१ समुदायद्वारा व्यवस्थापन भएका विद्यालयको अघि र पछिको भौतिक एवम आर्थिक विवरण

समुदायद्वारा विद्यालयको व्यवस्थापन हुन अघि र पछिको भौतिक एवम आर्थिक अवस्था पहिचान गर्न विभिन्न क्षेत्रमा समुदयद्वारा व्यवस्थापन हुदा विद्यालयमा परेको प्रभावको सुचकहरूलाई निम्न अनुसार तालिकामा देखाई ब्याख्या विष्लेषण गरिएको छ ।

तालिका नं. १: समुदायद्वारा व्यवस्थापन भएको श्री शिक्षा विकास मा.वि. को आर्थिक एवं भौतिक विवरण

| विद्यालयको नाम | समुदायद्वारा व्यवस्थापन हुनु पूर्व अघिल्लो वर्षको विवरण | समुदायद्वारा व्यवस्थापन भएपछि २०६८ सम्मको विवरण |
|---|---|---|
| श्री शिक्षा विकास मा.वि. लेटाङ | क.जग्गा ०-१९-० विग्घा, कक्षाकोठा ६ कोठा पक्की, २ कोठा अर्ध पक्की, ६ कोठा कच्ची, सौचालय २ वटा रहेको | जग्गा यथावत रहेको, कक्षाकोठा ४ कोठा पक्की, ४ कोठा अर्धपक्की थप, सौचालय २ वटा थप गरिएको । |
| | ख. पुस्तकालय र प्रयोगशाला सामान्य रहेको । | पुस्तकालय र प्रयोगशाला व्यवस्थित निर्माण गरिएको । |
| | ग. खानेपानीको राम्रो व्यवस्था नभएको । | व्यवस्थित खानेपानी ट्यांकीको निर्माण गरिएको । |
| | घ. विद्यालय घेरावारा नभएको, फूलवारी वगैंचा नभएको, विधुतको सुविधा नभएको, बैंक मौज्दात नगद रु. २,५०,०००/- रहेको । | विद्यालय घेरावारा गरिएको, फूलवारी बगैंचाको निर्माण गरिएको, विधुत सुविधा भएको, बैंक मौज्दात रु. ८,००,०००/- भएको । |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

तालिका नं. २: समुदायद्वारा व्यवस्थापन भएको श्री महेन्द्र मा.वि. को आर्थिक एवं भौतिक विवरण

| विद्यालयको नाम | समुदायद्वारा व्यवस्थापन हुनु पूर्व अघिल्लो वर्षको विवरण | समुदायद्वारा व्यवस्थापन भएपछि २०६८ सम्मको विवरण |
|---|---|---|
| श्री महेन्द्र मा.वि. वारंगी | क. जग्गा ०-१६-० विग्घा, कक्षाकोठा कच्ची १३ वटा, सौचालय २ वटा रहेको । | जग्गा यथावत रहेको, कक्षाकोठा अर्धपक्की ६ कोठा थप, सौचालय १ थप । |
| | ख. खानेपानी अपर्याप्त भएको | खानेपानीको व्यवस्था गरिएको |
| | ग. पुस्तकालय र प्रयोगशाला नभएको । | पुस्तकालय र प्रयोगशालाको सामान्य व्यवस्था गरिएको । |
| | घ. विद्यालय घेरावेरा नभएको, खेलमैदानको राम्रो व्यवस्था नभएको, बैंक मौज्दात नगद रु. १,५०,०००/- रहेको । | विद्यालय घेरावेरा नभएको, खेलमैदानको सामान्य व्यवस्था गरिएको, बैंक मौज्दात नगद रु. ४,५०,०००/- भएको । |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

तालिका नं. ३ : समुदायद्वारा व्यवस्थापन भएको श्री लक्ष्मी मा.वि. को आर्थिक एवं भौतिक विवरण

| विद्यालयको नाम | समुदायद्वारा व्यवस्थापन हुनु पूर्व अघिल्लो वर्षको विवरण | समुदायद्वारा व्यवस्थापन भएपछि २०६८ सम्मको विवरण |
|---|---|---|
| श्री लक्ष्मी मा.वि. फडानी, लेटाङ | क. जग्गा ०-५-० विग्घा, कक्षाकोठा सवै कच्चि मात्र सौचालय पनि कच्चि २ वटा रहेको । | जग्गा ०-२-० विग्घा थप गरिएको, कक्षाकोठा १९ वटा पक्कि भएको र ३ कक्कि सौचालय रहेको । |
| | ख. खानेपानीको विजुलीको व्यवस्था नभएको । | खानेपानीको व्यवस्था गरिएको विधुत पनि जडान गरिएको । |
| | ग. प्रयोगशाला र पुस्तकालय नभएको । | प्रयोगशाला र पुस्तकालयको सामान्य व्यवस्था गरिएको । |
| | घ. खेलमैदानको राम्रो व्यवस्था नभएको, विद्यालय घेरावारा नभएको, बैंक मौज्दात नगद नभएको । | खेलमैदानको व्यवस्था गरिएको, विद्यालय घेरावारा भएको, बैंक मौज्दात रु. ४,००,०००/- भएको । |

स्रोतः स्थालगत सर्वेक्षण,२०६९

तालिका नं. ४ : समुदायद्वारा व्यवस्थापन भएको श्री शान्ती भगवती उ.मा.वि. को आर्थिक एवं भौतिक विवरण

| विद्यालयको नाम | समुदायद्वारा व्यवस्थापन हुनु पूर्व अघिल्लो वर्षको विवरण | समुदायद्वारा व्यवस्थापन भएपछि २०६८ सम्मको विवरण |
|---|---|---|
| श्री शान्ति भगवती उ.मा.वि. लेटाङ | क. जग्गा १-५-० विग्घा, कक्षाकोठा अर्धपक्कि १० कोठा, कच्चि ६ कोठा, सौचालय ३ वटा रहेको । | जग्गा यथावत, कक्षाकोठा थप १० कोठा पक्कि, सौचालय थप ४ वटा भएको । |
| | ख. विधुत सुविधा नभएको । | विधुत सुविधा विस्तार गरिएको । |
| | ग. खानेपानीको राम्रो प्रवन्ध नभएको । | खानेपानी ट्यांकी निर्माण गरी खानेपानीको राम्रो व्यवस्था गरिएको । |
| | घ. पुस्तकालय र प्रयोगशालाको राम्रो व्यवस्था सामान्य रहेको । | पुस्तकालय र प्रयोगशालाको राम्रो व्यवस्था गरिएको । |
| | ङ. फुटवल खेल मैदानको राम्रो व्यवस्था भएको, अन्य खेलको लागि नभएको, बैंक मौज्दात नगद रु ५,००,०००/- रहेको । | बाँस्केटवल, टेवल टेनिस खेलको लागि ठाँउ बनाइएको, कार्यक्रम गर्ने मञ्च वनाइएको बैंक मौज्दात नगद रु २५,००,०००/- भएको । |

स्रोत : स्थलगत सर्वेक्षण,२०६९

तालिका नं. ५ : समुदायद्वारा व्यवस्थापन भएको श्री जाँते मा.वि. को आर्थिक एवं भौतिक विवरण

| विद्यालयको नाम | समुदायद्वारा व्यवस्थापन हुनु पूर्व अघिल्लो वर्षको विवरण | समुदायद्वारा व्यवस्थापन भएपछि २०६८ सम्मको विवरण |
|---|---|---|
| श्री जाँते मा.वि. जाँते | क. जग्गा ०-८-३ विग्घा, कक्षा कोठा केही कच्ची, २ वटा अर्ध पक्कि, सौचालय १ वटा रहेको ख. खानेपानी र खेलमैदानको सुविधा नभएको ।<br>ग. पुस्तकालय र प्रयोगशाला नभएको ।<br>घ. विद्यालय घेरावारा र विधुतको व्यवस्था नभएको ।<br>बैंक मौज्दात नगद<br>रु. १,५०, ०००/- रहेको | जग्गा ८३ कठ्ठा ७ धुर, कक्षा कोठा १५ वटा, पक्कि सौचालय ३ वटा रहेको ।<br>ख. खानेपानी र खेल मैदान सामान्य रहेको ।<br>ग. पुस्तकालय र प्रयोगशालाको सामान्य व्यवस्था भएको ।<br>घ. विद्यालय वरिपरि तार घेरा गरिएको । विधुतको व्यवस्था भएको । बैंक मौज्दात नगद<br>रु. ५,००, ०००/- रहेको |

स्रोत : स्थलगत सर्वेक्षण २०६९

प्रस्तुत तालिकामा समुदायमा व्यवस्थापन भएका विद्यालयहरूको समुदायमा व्यवस्थापन हुनुभन्दा अघिल्लो वर्षको र समुदायमा व्यवस्थापन भएपछि वि.सं. २०६८ सम्मको आर्थिक एवं भौतिक विवरण प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्क अनुसार भौतिक सुविधालाई हेर्दा समुदायमा व्यवस्थापन भएका ५ वटा विद्यालयहरू मध्ये ३ वटा विद्यालयले जग्गा थप गरेको, ५ वटै विद्यालयहरूमा सुविधायुक्त कक्षाकोठा थप गरेको, ५ वटै विद्यालयहरूमा सौचालय थप गरिएको, २ वटा विद्यालयमा विधुत नभएकोमा विधुत सेवा विस्तार गरिएको, ५ वटै विद्यालयहरूमा खानेपानीको राम्रो व्यवस्था नभएकोमा खानेपानीको राम्रो व्यवस्था गरिएको, ५ वटा विद्यालयहरूमध्ये २ वटामा पुस्तकालय र प्रयोगशालाको राम्रो व्यवस्था गरिएको, ३ वटामा पहिला पुस्तकालय र प्रयोगशाला नभएकोमा अहिले सामान्य व्यवस्था गरिएको, एउटा विद्यालयमा विद्यालय घेरावारा नभएकोमा समुदायमा व्यवस्थापन भएपछि घेरावारा गरिएको, ३ वटा विद्यालयमा खेलमैदान नभएकोमा खेल मैदानको निर्माण गरिएको, एउटा विद्यालयमा वाँस्केटवल, टेवलटेनिस खेल्ने ठाउँ र मञ्च निर्माण

गरिएको । एउटा विद्यालयमा व्यवस्थापन भए पछि फूलवारी बगैंचा र सवारी स्टेनको निर्माण गरिएको देखिन्छ । त्यसैगरी आर्थिक पक्षलाई हेर्दा समुदायमा व्यवस्थापन भएका ५ वटै विद्यालयको आर्थिक अवस्थामा सुधार आएको देखिन्छ । बैंक मौज्दात नगदलाई हेर्दा समुदायमा व्यवस्थापन हुनुभन्दा अगाडिको समय भन्दा व्यवस्थापन भएपछि सवै विद्यालयको नगद जम्मा बढेको देखिन्छ ।

## ४.२ समुदायद्वारा विद्यालयको व्यवस्थापन हुनु अघि र पछिको शैक्षिक उपलब्धीको विश्लेषण


नमूनाको रुपमा छनौट गरिएका समुदायद्वारा विद्यालयको व्यवस्थापन भएका ५ वटा विद्यालयहरूको अभिलेखबाट प्राप्त भएका शैक्षिक उपलब्धीका सूचकहरूलाई निम्न अनुसार तालिकामा देखाई व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ६ : समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूको उत्तिर्ण दर र सिकाइ उपलब्धी

| विद्यालयको नाम | समुदायमा व्यवस्थापन भएको मिति | समुदायद्वारा व्यवस्थापन हुनु पूर्व अघिल्लो वर्षको | | समुदायद्वारा व्यवस्थापन भएपछि २०६७ को | |
|---|---|---|---|---|---|
| | | उत्तिर्ण % | सिकाइ उपलब्धी % | उत्तिर्ण % | सिकाइ उपलब्धी % |
| श्री शिक्षा विकास मा.वि. लेटाङ | वि.सं. २०६३ | ७७.४ | ४३.५ | ९३.५ | ५०.४ |
| श्री महेन्द्र मा.वि. वारंगी | वि.सं. २०६४ | ७९.७ | ४२.५ | ९१.७५ | ४२.२ |
| श्री लक्ष्मी मा. वि. फडानी | वि.सं. २०६४ | ८३.५ | ४५.५ | ९३.६ | ४६ |
| श्री शान्ति भगवती उ.मा.वि. लेटाङ | वि.सं. २०६३ | ८१.४५ | ४४.२५ | ९४.८ | ४८.२ |
| श्री मा.वि. जाँते | वि.सं. २०६४ | ८६.६ | ४१.५५ | ९४.२ | ४७.१ |

स्रोत : स्थलगत सर्वेक्षण २०६९

समुदायद्वारा व्यवस्थापन हुनुपूर्व र व्यवस्थापन भएपछिको औसत उतिर्ण दर र सिकाई उपलब्धी प्रतिसत :




माथि प्रस्तुत तालिका र स्तम्भ चित्रमा बिद्यार्थीहरूको उत्तिर्ण दर र सिकाई उपलब्धी प्रस्तुत गरिएकोछ । तालिकामा समुदायद्वारा व्यवस्थापन हुनु पूर्वको अन्तिम वर्ष र समुदायद्वारा व्यवस्थापन भईसकेपछिको वि.स.२०६८ सालको एकवर्षको तथ्याङ्क उल्लेख गरिएको छ भने स्तम्भचित्रमा औसत उत्तिर्ण दर र सिकाई उपलब्धी प्रस्तुत गरिएको छ । तथ्याङ्क अनुसार समुदायमा व्यवस्थापन भएका ५ वटा विद्यालय मध्ये ५वटैको उत्तिर्ण दर बढेको छ भने सिकाई उपलब्धी दर भने ४ वटाको बढेको देखिन्छ भने एउटा विद्यालयको घटेको देखिन्छ । अर्थात १००% बिद्यालयको उर्तिणदर बढेको छ भने सिकाई उपलब्धी दर ८०% बिद्यालयको बढेको र २०% विद्यालयको घटेको देखिन्छ । औसतमा समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिनुपूर्व अघिल्लो वर्षको उत्तिर्णदर ८१.९३% र सिकाई उपलब्धी ४२.२१% रहेकोछ भने समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिए पश्चात वि.स.२०६७ मा उतिर्णदर ९३.५७% र सिकाई उपलब्धी ४६.८% रहेको देखिन्छ । यो दुवैलाई तुलना गर्दा समुदायले व्यवस्थापन जिम्मा लिएपछी औसतमा उत्तिर्णदर ११.६४% र सिकाई उपलब्धी ४.५९%ले बढेको छ । यो तथ्याङ्क अनुसार अध्यायन क्षेत्रका बिद्यालयका बिद्यार्थीहरूको उत्तिर्ण दर र सिकाई उपलब्धी बृद्दि भएको पाईयो ।

मेरी पार्कर फोलेटको समन्वय सम्बन्धी सिद्धान्त अनुसार प्रत्यक्ष सम्पर्क कायम गरी मानव सम्बन्धको विकास गर्न सकिन्छ । कामदार (बिद्यार्थी) संगै सम्बन्धित अधिकारी (शिक्षक र अविभावक) ले प्रत्यक्ष सम्पर्कमा रही उनीहरूका बीचार, काम गर्ने तौर तरिकाको बारेमा बोध गर्न


सकिन्छ । नजानेका, नबुझेका, शंकालागेका, अस्पष्ट भएका कुरामा सिधा सञ्चार भई तत्काल मुल्याङ्कन मार्फत पृष्ठपोषण प्राप्त हुन्छ । समुदायमा व्यवस्थापन भएका विद्यालयहरूमा अभिभावकहरूको चासो र सक्रियता बढी हुने, बिद्यालय ब्यस्थापन समिती साथै विद्यालय प्रशासनको निगरानि राम्रो हुनेहुँदा विद्यार्थीका कमीकमजोरीहरू थाहापाउन र त्यसको निराकरण गर्न शिक्षक तथा अभिभावकलाई सजिलो हुने भएकोले त्यस्ता विद्यालयको उतिर्णदर र सिकाई उपलब्धीदरमा बृद्धी भएको हो भन्नेकुरा पुष्टि हुन्छ । यहाँ सिद्धान्त र कार्य बिच तालमेल भएको पाईन्छ ।

तालिका नं. ७ : समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूको कक्षा छोड्ने र दोहोर्‍याउने दर

| विद्यालयको नाम | समुदाय द्वारा व्यवस्थापन भएको मिती | समुदाय द्वारा व्यवस्थापन हुनु पुर्वको | | समुदाय द्वारा व्यवस्थापन भएपछी ०६७ को | |
|---|---|---|---|---|---|
| | | कक्षा छोड्ने % | कक्षा दोहोर्‍याउने % | कक्षा छोड्ने % | कक्षा दोहोर्‍याउने % |
| श्री शिक्षा विकास मा.वि. लेटाङ | वि.सं. २०६३ | ५ | २३ | ३ | १५ |
| श्री महेन्द्र मा.वि. वारंगी | वि.सं. २०६४ | ३.८ | १६.५ | ३.५ | १३.५ |
| श्री लक्ष्मी मा. वि. फडानी | वि.सं. २०६४ | ४.६ | १५.५ | २ | ९.५ |
| श्री शान्ति भगवती उ.मा.वि. लेटाङ | वि.सं. २०६३ | ६.१ | १३.९५ | २.५ | ७.२ |
| श्री मा.वि. जाँते | वि.सं. २०६४ | ३.५ | ११.४ | २.१ | ४.७५ |

स्रोत :- स्थलगत सर्भेक्षण,२०६९

समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूको औसतमा कक्षा छोडने र दोहोऱ्याउने प्रतिशत




माथि प्रस्तुत तालिकामा समुदायद्वारा व्यवस्थापन हुनुभन्दा अघिल्लो वर्ष र समुदायमा व्यवस्थापन भएपछि वि.स.२०६८ सालको कक्षा छोडने र कक्षा दोहोऱ्याउने दर उल्लेख गरिएको छ भने स्तम्भ चित्रमा तालिकामा उल्लेख गरिएको तथ्याङ्कको औसत अंकलाई प्रस्तुत गरिएको छ । तथ्याङ्क अनुसार समुदायमा व्यवस्थापन भएका ५ वटै विद्यालयहरूको समुदायमा व्यवस्थापन हुनुभन्दा अगाडिको भन्दा व्यवस्थापन भईसकेपछी कक्षा छोडने र दोहोऱ्याउने दर घटेको छ । तथ्याङ्क अनुसार १००% विद्यालयकै कक्षा छोडने र दोहोऱ्याउने दर घटेको छ । औसतमा हेर्दा समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिनुपूर्व अघिल्लो वर्षको कक्षा छोडने दर ४.६ % र कक्षा दाहोऱ्याउने दर १६.०५% रहेको छ भने समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिए पश्चात वि.स.२०६८ मा कक्षा छोडने दर ३.०२% र कक्षा दोहोऱ्याउने दर ९.९%रहेको देखिन्छ । यो दुवै तथ्याङ्कलाई तुलना गरेर हेर्दा समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिएपछी औसतमा कक्षा छोडने दर १.५८% र कक्षा दोहोऱ्याउने दर ८.१५% ले कमी आएको देखिन्छ । प्रस्तुत तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका विद्यालयका बिद्यार्थीहरूको कक्षा छोडने र कक्षा दोहोऱ्याउने दर घटेको पाइयो ।

फ्रेडरिक टेलरले आफ्नो वैज्ञानिक ब्यवस्थापनको सिद्धान्तमा उत्पादकत्व बढाउनु भनेको न्युनतम लागतमा अधिकतम नाफा आर्जन गर्नुमात्र होईन जसको लागी कामदारको क्षमताको बिकास गर्न परिश्रमिक बृद्धि, पुरस्कार, तालिम, कामदार र मालिकका बिचको मैत्रीपूर्ण सम्बन्धको विकास गर्नुपर्ने उल्लेख छ । प्रस्तुत तथ्याङ्कको विश्लेशणको आधारमा हेर्दा शिर्षक र सिद्धान्त बीचको सम्वन्ध प्रष्ट हुन्छ । छात्रवृति, पुरस्कार, भ्रमण, खेलकुद, मैत्रिपूर्ण सम्बन्ध, निरन्तर अन्तरक्रिया जस्ता कुराहरूले विद्यार्थीहरूमा हौसला बढ्नगई अध्यायनमा सफलता प्राप्त हुने


देखिन्छ । यिनैकारणले गर्दा समुदायमा ब्यवस्थापन व्यवस्थापन भएका विद्यालयहरूमा विद्यार्थीहरूको कक्षा छोडने र दोहोऱ्याउने दरमा कमीआएको हो ।

तालिका नं. ८ : समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूको खुद भर्नादर

| विद्यालयको नाम | समुदाय द्वारा ब्यवस्थापन भएको मिती | समुदाय द्वारा ब्यवस्थापन हुनु पूर्व अघिल्लो वर्ष | समुदायद्वारा ब्यवस्थापन भएपछी २०६८ को |
|---|---|---|---|
| | | खुद भर्ना दर % | खुद भर्नादर % |
| श्री शिक्षा विकास मा.वि. लेटाङ | वि.सं. २०६३ | ५४ | ५८ |
| श्री महेन्द्र मा.वि. वारंगी | वि.सं. २०६४ | ६३ | ६९ |
| श्री लक्ष्मी मा. वि. फडानी | वि.सं. २०६४ | ६० | ६४ |
| श्री शान्ति भगवती उ.मा.वि. लेटाङ | वि.सं. २०६३ | ५३ | ४६ |
| श्री मा.वि. जाँते | वि.सं. २०६४ | ५० | ५२ |

स्रोत : स्थलगत सर्वेक्षण,२०६९

समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूको औसतमा खुद भर्नादर प्रतिसत




माथि प्रस्तुत तालिकामा समुदायमा व्यवस्थापन भएका विद्यालयहरूको समुदायमा व्यवस्थापन हुनु भन्दा अघिल्लो वर्ष र समुदायमा व्यवस्थापन भएपछि बि.स.२०६८ सालको खुद भर्नादर उल्लेख गरिएको छ भने स्तम्भ चित्रमा तालिकामा उल्लेख गरिएको तथ्याङ्कको औसत अंकलाई प्रस्तुत गरिएको छ । तथ्याङ्क अनुसार समुदायमा व्यवस्थापन भएका ५ वटा

विद्यालयहरूमध्ये ४ वटा विद्यालय अर्थात ८० % विद्यालयको खुद भर्नादर बढेको छ भने एउटा विद्यालयमा विद्यलयको खूद भर्नादर घटेको छ । औसतमा हेर्दा समुदायले विद्यालयको व्यवस्थापन जिम्मालिनु पूर्व अघिल्लो वर्षको खुद भर्नादर ५६ % रहेको छ भने समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिए पश्चात वि.स.२०६८ मा खुद भर्नादर ५७.८ % रहेको देखिन्छ । यो दुवै तथ्याङ्कलाई तुलना गरेर हेर्दा समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिएपछी औसतमा खुद भर्नादर १.८ % ले बढेको देखिन्छ । प्रस्तुत तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछी विद्यालयको खुदभर्नादर बढेको पाईयो ।


मानव सम्बन्ध सिद्धान्तका प्रवर्तक प्रा. जर्ज इल्टन मायोले सामुहिक रुपले, सवैको सक्रियतामा कुनैपनि संस्थाहरू सञ्चालन, व्यवस्थापन तथा संगठन गर्दा कार्यसम्पादन चाँडो स्तरीय र गुणात्मक भई संस्थामा सुधार आउने कुरा बताएका छन । माथिको तथ्याङ्कको विश्लेषणको आधारलाई हेर्दा समुदायमा विद्यालयहरूको व्यवस्थापन भएका विद्यालयहरूमा पनि सबै पक्षको सक्रियता बढ्नुका साथै सामुहिक भावनाले  सबैले कार्य गरेकोले विद्यालयमा विद्यार्थीहरूको खुद भर्नादर बढेको हो भन्ने कुरा पुष्टि हुन्छ ।

तालिका नं.९ : समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूमा शिक्षक र विद्यार्थीको औसत वार्षिक उपस्थिती

| विद्यालयको नाम | समुदायद्वारा व्यवस्थापन भएको मिती | समुदायद्वारा व्यवस्थापन हुनुपूर्व अघिल्लो वर्षको | | समुदायद्वारा व्यवस्थापन भएपछि २०६७ को | |
|---|---|---|---|---|---|
| | | शिक्षकको वार्षिक औसत उपस्थिती % | विद्यार्थीको वार्षिक औसत उपस्थिती % | शिक्षकको वार्षिक औसत उपस्थिती % | विद्यार्थीको वार्षिक औसत उपस्थिती % |
| श्री शिक्षा विकास मा.वि. लेटाङ | वि.सं. २०६३ | ८९.४ | ७१.५ | ९२.५४ | ७४.९ |
| श्री महेन्द्र मा.वि. वारंगी | वि.सं. २०६४ | ९०.५५ | ६१.३ | ८८.४ | ६८.६ |
| श्री लक्ष्मी मा. वि. फडानी | वि.सं. २०६४ | ९१.३ | ६२.६५ | ९३.५ | ६०.४५ |
| श्री शान्ति भगवती उ.मा.वि. लेटाङ | वि.सं. २०६३ | ८७.७५ | ७३.२ | ९१ | ७४.४ |
| श्री मा.वि. जाँते | वि.सं. २०६४ | ८९.६१ | ६९.९ | ९३.२ | ७२.८५ |

स्रोत :- स्थलगत सर्वेक्षण,२०६९

समुदायद्वारा व्यवस्थापन भएको विद्यालयहरूमा शिक्षक तथा विद्यार्थीहरूको औसत वार्षिक उपस्थिती प्रतिशत



माथि प्रस्तुत तालिकामा समुदायमा व्यवस्थापन भएका विद्यालयहरूको समुदायमा व्यवस्थापन हुनुभन्दा अघिल्लो वर्ष र समुदायमा व्यवस्थापन भएपछी वि.स. २०६८ सालको शिक्षक तथा विद्यार्थीको वार्षिक औसत उपस्थिती उल्लेख गरिएको छ भने स्तम्भ चित्रमा तालिकामा उल्लेख गरिएको तथ्याङ्कको औसत अंकलाई प्रस्तुत गरिएको छ। तथ्याङ्क अनुसार समुदायमा व्यवस्थापन भएका ५ वटा विद्यालयहरू मध्ये ४ वटा विद्यालय अर्थात ८० % विद्यालयको शिक्षक र विद्यार्थीको उपस्थिती समुदायमा व्यवस्थापन पछी बढेको छ भने एउटा अर्थात २०% विद्यालयको शिक्षक तथा विद्यार्थीको उपस्थिती समुदायमा व्यवस्थापन पछी घटेको छ। औसतमा हेर्दा समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिनुपूर्व अघिल्लो वर्ष शिक्षकको वार्षिक उपस्थिती ८९.७२% र विद्यार्थीको वार्षिक उपस्थिती ६७.७१% रहेको छ भने समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिए पश्चात वि.स. २०६८ मा शिक्षकको वार्षिक उपस्थिती ९१.७२% र बिद्यार्थीको वार्षिक उपस्थिती ७०.४४% रहेको देखिन्छ। यो दुवै तथ्याङ्कलाई तुलना गरेर हेर्दा समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिएपछी औसतमा शिक्षकको वार्षिक उपस्थिती २% र विद्यार्थीको वार्षिक उपस्थिती २.७३% ले वढेको देखिन्छ। प्रस्तुत तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका विद्यालयका शिक्षक तथा विद्यार्थीहरूको वार्षिक उपस्थिती समुदायमा विद्यालयको ब्यवस्थापन व्यवस्थापन पछी बढेको पाईयो।

यसरी शिक्षक र विद्यार्थीको औसत उपस्थिती दर बढेर जानेकुरा पनि मेरी पार्कर फोलेटको समन्वय सम्वन्धि सिद्धान्तसंग मेल खान जान्छ। विद्यार्थी र शिक्षक , शिक्षक र विद्यालय प्रशासन , शिक्षक-विद्यार्थी र विद्यालय ब्यवस्थापन समिती तथा विद्यालय प्रशासनले एक अर्काको बीचमा प्रत्यक्ष सम्पर्कमा रही एकआपसमा भएका समस्याहरूको समाधान गर्न सहयोग गर्न सकिन्छ। समुदायमा विद्यालयको व्यवस्थापन भएका विद्यालयहरूमा माथि उल्लिखित सबै पक्षको बीचमा राम्रो सम्वन्ध र समन्वय भएकै कारणले गर्दा विद्यालयमा शिक्षक तथा विद्यार्थीहरूको उपस्थिती राम्रो भएको हो भन्ने कुरा पुष्टि हुन्छ।

## ४.३ समुदायद्वारा व्यवस्थापन गर्दा विद्यालयमा देखिएका समस्या र समाधानका लागि सुझावहरू

अध्ययनको सन्दर्भमा लेटाङ श्रोतकेन्द्रका विद्यालयहरूको समुदायले विद्यालय व्यवस्थापन जिम्मा लिनु पूर्व विद्यालयमा केही पक्षमा सुधार तथा सहज अनुभव भए पनि समुदायले व्यवस्थापन

जिम्मा लिए पश्चात थप केही वेग्लै प्रकारका समस्याहरू पनि देखा परेको यस अध्ययनद्धारा प्राप्त भएको छ । ती समस्याहरू र समाधानको सन्दर्भमा निम्न अनुसार विश्लेषण गरिएकोछ ।

### ४.३.१ समुदायद्वारा विद्यालय व्यवस्थापनमा अध्यक्षको बीचार

आफ्नो विद्यालयको लागि आफ्नो रचनात्मक सिपको प्रयोग तथा सक्रियतालाई वि.व्य.स. अध्यक्षले विद्यालय व्यवस्थापन समुदायमा व्यवस्थापन हुनुको फाइदाका रुपमा उल्लेख गरेका छन् । तर निश्चित योजना निर्माण त्यसको परिचालन, कर्तव्य र अधिकारको सिमांकन नहुनु, विद्यालय संचालन प्रक्रियाका सन्दर्भमा उपयुक्त तालिम उपलब्ध नहुनु, सरकारले आफ्नो जिम्मेवारी बाट पन्छिन खोज्नु ,सरकारद्धारा कामको उपयुक्त

मूल्यांकन गरी पुरस्कारको व्यवस्था नहुनुलाई समस्याका रुपमा उल्लेख गरेका छन् । यस्ता समस्याको समाधानको लागि सरकारले विद्यालय व्यवस्थापन समूदायमा व्यवस्थापन गरेपछि वि.व्य.स. पदाधिकारीलाई उपयुक्त तालिम दिनुपर्ने, अधिकार र कर्तव्यको निर्देशन दिनुपर्ने तथा कामको वैद्यताको मूल्यांकन गरी उपयुक्त पुरस्कार र दण्डको व्यवस्था सरकारद्धारा हुनुपर्ने । विद्यालयको आर्थिक, भौतिक र शैक्षिक सुधारका लागि विद्यालयको योजना मूताविक अनुदान सहयोग गरिनु पर्ने सुझावहरू वि.व्य.स. अध्यक्षहरूकोछ ।

### ४.३.२ समुदायद्वारा विद्यालय व्यवस्थापनमा प्रधानाध्यापकको बीचार

प्रधानाध्यापकहरूले विद्यालय व्यवस्थापन समुदायले जिम्मा लिँदा विद्यालयले स्वायत्तताको महसुस भए पनि विद्यालयको सम्पूर्ण व्यवस्थापन जिम्मा लिन समुदाय सक्षम भई नसकेको उल्लेख गरेका छन् । त्यसैगरी विद्यालयले गर्ने महत्वपूर्ण निर्णय प्रकृयामा समुदायको संलग्नता बढेको भए पनि प्रशासनिक कामका वि.व्य.स.बाट धेरै दबाव आउने गरेको छ । विद्यालयमा राजनीतिक चलखेल बढिरहेको कुरालाई समस्याको रुपमा उल्लेख गरेको पाइयो । यी समस्यालाई समाधानका लागि विद्यालय र समुदाय बिचमा घनिष्ट सम्बन्ध बनाउनु पर्ने, जि.शि.का. बाट निरीक्षण तथा अनुगमन हुनु पर्ने, वि.व्य.स. ले आफ्नो अधिकार र कर्तव्यको पूर्ण ज्ञान लिनुपर्ने, विद्यालयलाई राजनीति गर्ने थलोबाट टाढै राखिनु पर्ने कुराहरू उल्लेख गरेका छन् ।

### ४.३.३ समुदायद्वारा विद्यालय व्यवस्थापनमा स्रोतव्यक्ति तथा विद्यालय निरिक्षकको बीचार

स्रोतव्यक्ति, वि.व्य.स.ले वि.व्य.स. समुदायमा व्यवस्थापन हुनाले अभिभावक तथा वि.व्य.स. पदाधिकारीले अपन्नत्वको भावनाले विद्यालयको काम काज प्रति चासो वढाउनुलाई विद्यालय व्यवस्थापन समुदायमा व्यवस्थापन हुनुको फाइदाको रुपमा उल्लेख गरेका छन् तर व्यवस्थापन समिति निर्माणका क्रममा राजनैतीक पक्ष, वि. पक्ष तथा आर्थिक प्रलोभनका आधारमा पदाधिकारी चयन हुनु, शिक्षक छनौट प्रक्रियामा वि.व्य.स. पदाधिकारीको दवाव रहनु, विद्यालयका आर्थिक क्रियाकलाप मितव्ययी भन्दा महत्वकांक्षी हुनु, वि.व्य.स.को संरक्षणमा प्रधानाध्यापक तथा केही शिक्षकले भनोमानी व्यवहार गर्नु, शैक्षिक गुणस्तर सुधारका लागि वि.व्य.स. र प्र.अ.ले ध्यान नदिनु आदि समस्याहरूको सीर्जना भएको कुरा उल्लेख गर्दछन् । यी समस्याहरू समाधानका लागि सरकारले कुनै राजनैतिक आस्थाको आधारमा वि.व्य.स. चयन हुन नदिई निश्चित प्रस्तावना पत्र तयार गरी उपयुक्त प्रस्तावना पत्र पेश गर्नेलाई वि.व्य.स. पदाधिकारीको रुपमा चयन गर्नु पर्ने, विद्यालयमा रिक्त शिक्षक दरवन्दिको लागि जिल्ला तथा क्षेत्रिय स्तरमा शिक्षा सेवा आयोगले निश्चित परीक्षा लिई शिक्षक नियुक्त गर्नुपर्ने वि.व्य.स.को कामको मूल्यांकन गर्न वेला वेला अध्ययन अवलोकन गर्नु पर्ने प्रस्तावना अनुसार काम नगर्ने वि.व्य.स. तथा प्र.अ. लाई पदवाट निलम्बन गर्ने र काम गरे अनुसार आर्थिक अनुदान उपलब्ध गराउने रणनीति लिनु पर्ने कुराका लागि स्रोत व्यक्ती तथा वि.नि.ले सुझाएका छन् ।

### ४.३.४ समुदायद्वारा विद्यालय व्यवस्थापनमा अभिभावक तथा शिक्षकको बीचार

अभिभावकले समूदायमा विद्यालय व्यवस्थापन हुँदा वढी अनुदान प्राप्त भएको तर अझ नानीहरूको पढाई विग्रेको तथा आर्थिक भार वढेको कुरा उल्लोख गरेका छन् । त्यसका लागि विद्यालय व्यवस्थापनको जिम्मा समूदायले लिन नहुने र सम्पूर्ण विद्यालयको भौतिक, आर्थिक तथा शैक्षिक स्तर उकास्नका लागि अभिभावकको रायलार्य वुझी सरकारले नै व्यवस्थापन जिम्मा लिनु पर्ने उनीहरूको भनाई छ । छात्राबृत्ति वितरणमा पनि समूदायमा व्यवस्थापन पश्चात वि.व्य.स.ले धादली गरेको उपयुक्त अवस्थाको पहिचान नगरी सोर्सफोर्सको आधारमा वितरण भएको गुनासो उनीहरूको छ । यसका लागि राजनैतिक आस्थालाई आधार बनाएर वि.व्य.स. पदाधिकारी चयन गर्न नहुने उनीहरूको भनाई छ । शिक्षकहरूले विद्यालय व्यवस्थापन समुदायले जिम्मा लिदा विद्यालयको भौतिक विकासमा सहयोग पुगेको, वि.व्य.स.लाई विद्यालयका समस्याहरू प्रति सजग गराउन सजिलो भएको तथा अभिभावकलाई विद्यालय प्रति अपनत्वको भावना वढेको फाइदाहरू उल्लेख गरे

भने शिक्षकको काम उपयुक्त मूल्यांकन नहुने राजनैतिक आस्थाका आधारमा विद्यालयमा भेदभावपूर्ण व्यवहार हुने, वि.व्य.स.ले शैक्षिक गुणस्तर वृद्धिका लागि ध्यान नदिने र आफ्नो पेसागत सुरक्षा घट्ने कुरालाई समस्याका रुपमा उल्लेख गरेको पाइयो । यी समस्या समाधानका लागि उनीहरूले विद्यालय व्यवस्थापन समूदायले जिम्मा लिए पछि राजनैतिक आस्थालाई आधार वनाई वि.व्य.स. पदाधिकारी चयन गर्न नहुने, वि.व्य.स. पदाधिकारीको कामको अनुगमन हुनु पर्ने, शिक्षक नियुक्ती तथा छनौटमा उनीहरूको अधिकार कटौती गर्नु पर्ने तथा शैक्षिक गुणस्तर वृद्धिका लागि वि.व्य.स. पदाधिकारीले काम गर्नु पर्ने कुरा उल्लेख गरेका छन ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

यस अध्ययनमा प्राप्ति, निष्कर्ष र सुझावसंग सम्बन्धित विषयवस्तुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

विद्यालयको सुदृढ हुनु भन्नु नै विद्यालय आर्थिक, भौतिक र शैक्षिक रुपमा सवल र सक्षम हुनु हो । आर्थिक, भौतिक र शैक्षिक रुपमा विद्यालय सवल भएमा विद्यालयका अन्य शैक्षिक सुचकहरू पनि उच्च हुन जान्छन भने यसले विद्यालयको चौतर्फी विकासमा प्रभाव पार्दछ । विद्यालयको विकासका लागि विद्यालय र समुदाय बीचको सम्बन्ध महत्वपूर्ण हुने गर्दछ । विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयमा आर्थिक, भौतिक र शैक्षिक रुपमा परिवर्तन आउन सक्यो कि सकेन ? समुदाय र विद्यालय बीचको सम्बन्धमा सुधार आउन सक्यो कि सकेन ? विद्यालयमा अन्य के कस्ता राम्रा र नराम्रा प्रभावहरू परेका छन भन्ने विषयमा अध्ययन गर्ने सन्दर्भमा विभिन्न व्यक्तिबाट विभिन्न प्रकारका तथ्यांकहरू संकलन गर्ने कार्य सम्पन्न भयो । विद्यालयका अभिलेखहरू तथा विद्यालय संग सरोकार राख्ने विद्यालय निरिक्षक र स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितीका अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावकहरूको अनुभव एवं आधिकारीक धारणाहरूबाट तथ्याङ्क संकलन गरियो । संकलित तथ्याङ्क हरूको आधारमा विद्यालयको व्यवस्थापन समुदायद्वारा भएपछि देखिएका महत्वपूर्ण प्रभावहरूलाई प्राप्तिको रुपमा तल प्रस्तुत गरिएको छ ।

विद्यालयका शैक्षिक सुचकहरू विद्यार्थी उत्तिर्णदर, सिकाइ उपलब्धी, शिक्षक तथा विद्यार्थीको औषत उपस्थिती, खुद भर्नादरमा बृद्धिहुनु । विद्यार्थीहरूको कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी आउनु । विद्यालय भर्ना अभियान प्रभावकारी हुनु । विद्यालयमा बालबालिकाहरूको आकर्षण बढ्नु । विद्यालयमा अनुशासीत शैक्षिक वातावरण कायम भएको । विद्यालयमा पुस्तकालय प्रयोगशाला र शैक्षिक सामाग्रीको उपलब्धता बढेको ।

भौतिक साधन र सुविधा अन्तर्गत विद्यालयमा कक्षाकोठा, सौचालय, खेलमैदान, प्रयोगशाला, पुस्तकालय, शैक्षिक सामग्री, खानेपानी, विद्यालय घेराबेरा, विधुत सुविधाको व्यवस्था हुनु, विद्यालयले तहगत रुपमा रु. एकलाख र अन्य अतिरिक्त अनुदान प्राप्त गरी आर्थिक लाभ लिन सक्नु, विद्यालयको आर्थिक कारोवार पारदर्शी हुनु, विद्यालय आर्थिक रुपले सवल बन्नु, विद्यालय र

समुदायको बीचमा घनिष्ट सम्बन्धको स्थापना भई विद्यालयको विकासका लागि स्रोत परिचालन गर्न, भौतिक सुधार र मर्मत सम्भार गर्न समुदायको सहयोग बृद्धि  हुनु । समुदायमा विद्यालय हाम्रो हो भन्ने भावनाको विकास हुनु । विद्यालयप्रति समुदायको जिम्मेवारी र दायित्व थपिनु । विद्यालयको विकासमा समुदायको सकृयता र चासो बढ्नुका साथै महत्वपूर्ण निर्णय प्रकृयामा समुदायको संलग्नता बढ्नु । विद्यालय व्यवस्थापन समितिलाई अधिकार सम्पन्न गराउनु । विद्यालयमा शैक्षिक सुधारको लागि बालक्लबको गठन हुनु साथै शिक्षक तथा विद्यार्थीको आचारसंहिता वनाई लागू गर्नु राम्रो पक्षको रुपमा पाइयो ।

त्यसैगरी शिक्षकहरूमा पेसागत सुरक्षाको ग्यारेन्टीलाई लिएर चिन्ता उत्पन्न हुनु, आर्थिक अनुदान पाउने प्रलोभनले विद्यालयको व्यवस्थापन जिम्मा लिन उत्साहित हुनु, वि.व्य.स.लाई आफ्नो अधिकार र कर्तव्यको वारेमा ज्ञान नहुनु, विद्यालय व्यवस्थापन समितिले आफुलाई सर्वेसर्वा सम्फी प्रशासनिक काममा दबाव  दिनु, विद्यालयमा राजनीतिक चलखेल बढ्नुका साथै टाठावाठा अभिभावकहरूले विद्यालयमा प्रभुत्व जमाउनु,  विद्यालयको व्यवस्थापन गर्न समुदाय पूर्ण सक्षम नहुनु, शैक्षिक दायित्वबाट सरकार पन्छन खोजेको महसुस हुनु, विद्यालयले पूर्ण स्वायत्तता महसुस गर्न नसक्नु, जि.शि.का.बाट पर्याप्त मात्रामा निरीक्षण र अनुगमन नहुनु समुदायद्वारा विद्यालयको व्यवस्थापन गर्दा देखिएको नराम्रा पक्षको रुपमा पाइयो ।

सबै कुरा गुणले मात्र भरिएको हुदैन त्यसमा दोष पनि रहेको हुन्छ । समुदायलाई विद्यालयको व्यवस्थापन जिम्मा दिदैमा सवै समस्याको समाधान निस्किहाल्छ भन्ने अपेक्षा गर्न सकिदैन र गर्न पनि हुंदैन । असल कुरा त त्यही नै मान्नुपर्ने हुन्छ जसमा दोषको भन्दा गुणको मात्रा बढी छ । समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्यनिर्देशिकाले माथि उल्लेख गरेभैंm विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिंदा त्यसबाट राम्रा र नराम्रा दुवैखाले प्रभावहरू देखापरेका छन् । विभिन्न व्यक्तिहरूबाट प्राप्त भएको तथ्यांकको आधारमा यसको नराम्रो भन्दा राम्रो प्रभाव बढि भएकोले समुदायमा व्यवस्थापन भएका विद्यालयहरूले शैक्षिक, आर्थिक र भौतिक लगायत विविध पक्षमा प्रगती गर्न सकेको हो भन्नेकुरा पुष्टि गर्न सजिलो भयो ।

## ५.२ निष्कर्ष

कुनै पनि अध्ययनको अन्तिम लक्ष भनेको अध्ययनको विषयमा एउटा ठोस निश्कर्षमा पुग्नुहो । निष्कर्षहरू थोरै नमुना र सानो क्षेत्रमा अध्ययन गरी प्राप्त भएकोले राष्ट्रिय रुपमै प्रतिनिधित्व गर्ने

खालका नहुन सक्छन । तर अध्ययन क्षेत्रसंग मिल्दोजुल्दो भौगोलिक, आर्थिक, सामाजिक र शैक्षिक परिस्थिती भएका ठाउँहरूमा भने अध्ययनको निष्कर्ष मिल्न सक्ने कुराप्रति सोधकर्ता विश्वस्त छ ।

अध्ययनका प्राप्तिहरू र तथ्यहरूको विश्लेषणका आधारमा हेर्दा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयका शैक्षिक सुचकहरूको राम्रो नतिजा देखिनुका साथै आर्थिक र भौतिक रुपमा पनि विद्यालयहरूले प्रगती गरेको पाइयो । विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट समुदाय र विद्यालय बीचको सम्बन्धमा पनि सुधार आउनुका साथै विद्यालयप्रति समुदायको संलग्नता र चासो बढेर गएको पाईयो । विद्यालयमा सामुदायिक गतिविधी बढ्नुका साथै हरेक निर्णयहरू गर्दा पारदर्शिता अपनाउन थालेको  पाइयो । यो कार्यक्रमलाई प्रभावकारी बनाएनको लागि स्थानिय स्तरमा पहुँच बृद्धि गराउनु पर्ने देखिन्छ । समुदायमा विद्यालयको व्यवस्थापनको जिम्मा आर्थिक तथा भौतिक प्रलोभनमा परि लिने गरेको देखिन्छ । आर्थिक तथा भौतिक प्रलोभनले नभई समुदायलाई चेतनाको विकास गराई सशक्त र जागरुक वनाइनु पर्ने देखिन्छ । शिक्षकहरूको पेसागत सुरक्षाको प्रत्याभूती दिन नसकिएको कारण कार्यक्रमको विस्तारमा अप्ठ्यारो परेको छ । यस कार्यक्रममा निरन्तरता दिनको लागि शिक्षकका पेसागत संघ संगठनहरूलाई साथ लिई शिक्षकहरूको मनोवल वढाउने खालका कुराहरू समेटिनु पर्ने देखिन्छ । समग्रमा विद्यालयको व्यवस्थापन समुदायमा व्यवस्थापन गर्ने कार्यको विरोध तथा समर्थन दुवै खालका मिश्रित प्रतिकृया पाइएता पनि यस कार्यक्रमबाट राम्रै उपलब्धी हाँसील भएको पाईयो ।

संक्षेपमा भन्नुपर्दा समुदायमा विद्यालयको व्यवस्थापन व्यवस्थापन हुनु पूर्व र व्यवस्थापन भएपश्चात विद्यालयमा धेरै परिवर्तनहरू देखिएका छन् । विद्यालयको शैक्षिक, आर्थिक र भौतिक पक्षमा सकारात्मक परिवर्तन देखिएको छ । भिन्नता देखिनुमा विद्यालय प्रति अभिभावकको चासो बढेको, शिक्षक तथा विद्यार्थीको नियमितता बढेको, विद्यालय व्यवस्थापन समितीको सकृय भूमिका, बालक्लबको सकृयता, विद्यालय प्रशासनको सकृयता बढ्नु जस्ता कारणहरू प्रमुख रुपमा पाइयो । यस्तो भिन्नताले समुदायमा व्यवस्थापन पूर्व भन्दा व्यवस्थापन भइसके पश्चात केही न केही राम्रो प्रभाव पारेको छ । यसले विद्यालयको व्यवस्थापकिय पक्षको सुदृढिकरणका लागि थप चुनौती सृजना गरिदिएको छ ।

## ५.३ सुझावहरू

कुनै एउटा विषयमा केन्द्रित भएर गरिएको अध्ययनबाट प्राप्त भएको निश्कर्षहरूको आधारमा उक्त विषयमा देखापरेका कमी कमजोरीहरूको निराकारणका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण

गर्न केही सुझावहरू प्रस्तुत गर्न आवश्यक हुन्छ । यहा पनि अध्ययनको क्रममा वि.नि., स्रोतव्यक्ति, वि. व्य.स.का अध्यक्ष, प्रधानाध्यपक, शिक्षक र अभिभावकहरूबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणको दोष वा कमजोर पक्षहरू देखिएका छन् । ति कमजोर पक्षहरूलाई निराकरण गर्नका लागि अध्ययनमा समावेस गराइएका व्यक्तिहरू विद्यालय निरिक्षक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक र अभिभावकबाट प्राप्त भएका निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

### ५.३.१ नीतिगत तह

- विद्यालय शान्ति क्षेत्र हो यसलाई राजनीति देखि टाढै राखौं भन्न भावना राजनीतिक पार्टीहरूलाई केन्द्र देखि नै प्रतिवद्धता जाहेर गराउन सक्नु पर्दछ ।
- शिक्षकहरूको पेसागत सुरक्षाको ग्यारेन्टीबाट सरकार पन्छदैन भन्ने कुरालाई स्पष्ट पारिनु पर्दछ ।
- शिक्षामा गरिने लगानी बृद्धि गरिनु पर्छ ।
- वि.व्य.स.लाई अझ बढी दायित्व र जिम्मेवारी दिनुपर्दछ ।
- जि.शि.का.बाट निरन्तर रुपमा सुपरिवेक्षण तथा अनुगमन गरिरहनु पर्दछ ।

### ५.३.२ अभ्यास तह

- अभिभावकहरूको क्षमता अभिबृद्धिका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ ।
- आर्थिक प्रलोभनले भन्दा आफ्नो विद्यालय बनाएन आफैं जुटौं भन्ने भावना जगाउने खालका चेतनामुलक कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
- वि.व्य.स. र प्र.अ.का लागि व्यवस्थापकिय कार्यकुशलता अभिबृद्धि हुने तालिमहरू सञ्चालन गरिनु पर्दछ ।
- विद्यालयप्रति अभिभावकको चासो बढाउन समय-समयमा अन्तर्क्रिया कार्यक्रमको सञ्चालन गरिनु पर्दछ ।
- स्थानीय स्रोत र साधनको उपयोग अधिकतम रुपमा गर्न अभिभावकहरूलाई उत्प्रेरित र जागरुक बनाउनु पर्दछ ।
- वि.व्य.स. विद्यालयको सर्वेसर्वा निकाय होइन केवल विद्यालय विकासको सहयोगी हो भन्ने सचेतता वि.व्य.स.मा ल्याउनु पर्दछ ।

५.३.३ अनुसन्धान तह

- वि.व्य.स., शिक्षक, अभिभावक र विद्यार्थीको बीचमा समय समयमा छलफल र अन्तरक्रिया भइरहनु पर्दछ ।
- राज्य शैक्षिक दायित्वबाट पन्छदैन भन्ने कुरामा जनतालाई विश्वास दिलाउन सक्नुपर्छ ।
- सरकारले शैक्षिक कार्यक्रम सञ्चालन गर्दा दातृनियकायको निर्देशनमा आधारित भएर नभै समय सापेक्ष र बहुउपयोगी ढंगले आफ्नो विद्यालय आफैं बनाऔं भन्ने रुपबाट अभिप्रेरित गर्न सक्नु पर्छ ।
- कार्यक्रमको प्रभावकारिता बारे बीच बीचमा मूल्यांकन गरी समय सापेक्ष सुधार गर्दै जानुपर्छ ।

# सन्दर्भ सामग्रीहरू

काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्र ब., राम स्वरुप, सिन्हा, (२०६०), *शैक्षिक व्यवस्थापन,* काठमाडौः भुडीपुराण, प्रकाशन ।

कोइराला, विद्यानाथ, श्रेष्ठ, चन्द्रबहादुर (२०६३), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

गौतम, सोमनाथ ( २०६६), *समुदायमा हस्तान्तरीत सामुदायिक विद्यालय व्यवस्थापनको प्रभावकारीता,* अप्रकाशित कृती, स्नातकोत्तर तह, एम.एड. शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर,मोरङः ।

निरौला, सुभास (२०६३), *सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव,* त्रि.वि., अप्रकासित कृती, काठमाडौः।

न्यौपाने, पुन्य प्रसाद (२०६१), *शैक्षिक विकेन्द्रीकरण अवधारण, आवश्यकता र चुनौति,* काठमाडौः शिक्षा विभाग ।

भट्ट, नारायण (२०६१) सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण प्रकृयाको प्रभावकारिता महेन्द्र रत्न क्याम्पस, एम्. एड्. को अप्रकाशित शोधपत्र, काठमाडौः।

लोहनी, भोला प्रसाद (२०४५), *नेपाल अधिराज्यको विद्यालय शिक्षा,* काठमाडौः साझा प्रकाशन ।

शर्मा , गोपिनाथ (२०५०), *नेपालको शैक्षिक इतिहास,* काठमाडौः लुम्विनी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवि र शर्मा निर्मला (२०६१), *शिक्षाको परिचय,* काठमाडौः एम. के पव्लिकेशन एण्ड डिस्ट्रिव्युटर्श ।

*शिक्षक मासिक पत्रिका* का विभिन्न अंकहरू, काठमाडौः हिमाल एशोसिएसन ।

*शिक्षा नियमावली* (२०५९), चौथो संसोधन (२०६६), काठमाडौः जन प्रगतिशिल प्रकाशन ।

शर्मा, मोहनराज, लुइटेल, खगेन्द्र प्रसाद (२०६६), *शोधविधि,* काठमाडौः, साझाप्रकाशन ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०५९) *समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका,* काठमाडौः लेखक ।

सुवेदी, रामकृष्ण (२०६०), *सामुदायिक विद्यालय व्यवस्थापन हस्तान्तरण परिचय (शैक्षिक उन्नयन,* काठमाडौः मकालु बुक्स एण्ड स्टेनर्स ।

# अनुसूची -१

## समुदायद्वारा विद्यालयको व्यवस्थापन

विद्यालयनिरिक्षक र स्रोत व्यक्तिहरूको लागि तयार गरिएको अन्तर्वार्ता निर्देशिका

नाम :                                                  ठेगाना :

कार्यलय :

- समुदायमा हस्तान्तरण भए पूर्व र हस्तान्तरण भए पश्चात विद्यालयहरूको शैक्षिक सुचक बीचको अन्तर ।
- समुदायमा हस्तान्तरण भए पूर्व र हस्तान्तरण भए पश्चात विद्यालयहरूको आर्थिक र भौतिक अवस्था ।
- विद्यालय व्यवस्थापन समितिको कार्य कुशलता ।
- विद्यालय निरिक्षक र स्रोतव्यक्तिहरूको जिम्मेबारी ।
- विद्यालयप्रति अभिभावकहरूको चासो र सक्रियता ।
- विद्यालय व्यवस्थापन समितिलाई प्रदान गरिएका अधिकारहरू ।
- विद्यालयलाई प्रदान गरीने अनुदान रकम र यसको उपयोग ।
- विद्यालय व्यवस्थापन समितिको गठन र शिक्षक नियुक्तिमा देखिएका समस्याहरू ।
- समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरणबाट देखिएका असरहरू ।
- समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण गर्दाको राम्रा र नराम्रा पक्षहरू ।
- विद्यालयको व्यवस्थापन हस्तान्तरणबाट देखीएका समस्याहरूको सुधारका उपायहरू ।

# अनुसूचि - २

## समुदायद्वारा विद्यालयको व्यवस्थापन

### विद्यालयका प्रधानध्यपकको लागि तयार गरिएको प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

प्र.अ.को नाम :

एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि तयार गर्न लागिएको शोधपत्रका लागि निम्न प्रश्नावली भरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

१. तपाईले प्र.अ. भएर विद्यालयमा काम गर्नुभएको कति वर्ष भयो ? त्यो विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएको छ कि छैन ?

.............................................................................................................

२. तपाईको विद्यालयको शैक्षिक सुचकको अवस्था कस्तो छ ?

.............................................................................................................

३. विद्यालयको शैक्षिक विकासको लागि के गर्ने गर्नुभएको छ ?

.............................................................................................................

४. आर्थिक र भौतिक रुपमा विद्यालयको अवस्था कस्तो छ ?

.............................................................................................................

५.समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण हुनुभन्दा पहिलाको र हस्तान्तरण भइसकेपछिको शैक्षिक अवस्थामा कस्तो अन्तर छ ?

.............................................................................................................

६. जि.शि.का. बाट के कस्तो आर्थिक तथा भौतिक सहयोग पाउनु भएको छ ?

.............................................................................................................

७. वि.नि. र स्रोत व्यक्तिबाट शैक्षिक अनुगमन र सहयोग कतिको पाउनु भएको छ ?

.............................................................................................................

८. तपाइँले पहिलेको भन्दा बढि स्वायत्तता प्राप्त गर्नुभएको छ ?

.............................................................................................................

९. विद्यालयको विकासमा समुदायको कस्तो सहयोग पाउनु भएको छ ?

.................................................................................................................

१०. प्रशासनिक काममा विद्यालय व्यवस्थापन समितिबाट के कस्ता दबाबहरू आउने गरेका छन्?

.................................................................................................................

११. विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भइसकेपछि व्यवस्थापकिय पक्षमा कस्तो प्रभाव परेको छ ?

.................................................................................................................

१२. विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणको महत्व कस्तो रहेको छ ?

# अनुसूची - ३

## समुदायद्वारा विद्यालयको व्यवस्थापन

### विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूको लागि तयार गरिएको प्रश्नवली

विद्यालयको नाम : ठेगाना :

अध्यक्षको नाम :

एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि तयार गर्न लागिएको शोधपत्रका लागि निम्न प्रश्नावली भरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

१. तपाईको विद्यालय समुदायमा हस्तान्तरण भएको छ कि छैन ? छ भने कति सालमा भएको हो ?

..........................................................................................

२. विद्यालयको शैक्षिक, आर्थिक र भौतिक विकासको लागि कस्तो योजना बनाउनु भएको छ?

..........................................................................................

३. विद्यालयमा रिक्त दर्वन्दीमा शिक्षक राख्दा कुनै समस्या पर्ने गरेको छ ?

..........................................................................................

४. विद्यालयका विविध कार्यक्रमहरूमा अभिभावकहरूलाई समावेश गर्ने गरिएको छ ?

..........................................................................................

५. विद्यालयको विकासमा समुदायबाट कस्तो सहयोग पाउनु भएको छ ?

..........................................................................................

६. विद्यालयको विकासको लागि आर्थिक स्रोत कसरी जुटाउने गर्नभएको छ ?

..........................................................................................

७. विद्यालयले राखेका शिक्षक तथा कर्मचारीहरूलाई समान तलब भत्ता दिने गर्नुभएको छ ?

..........................................................................................

८. तपाईको विद्यालय समुदायमा हस्तान्तरण भएको भए हस्तान्तरण हुनुभन्दा अगाडि र पछाडीको समयमा के अन्तर पाउनु भएको छ ?

..........................................................................................

९. विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा देखिएको राम्रा र नराम्रा कुराहरू के के छन् ? देखिएको समस्याहरूको समाधानको लागि के सुझाब दिनुहुन्छ ?

..........................................................................................

# अनुसूची -४

## समुदायद्वारा विद्यालयको व्यवस्थापन

### विद्यालयका शिक्षकहरूको लागि तयार गरिएको प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

शिक्षकको नाम :

एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि तयार गर्न लागिएको शोधपत्रका लागि निम्न प्रश्नावली भरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

१. तपाईको विद्यालयमा विद्यार्थीहरूको सिकाई उपलब्धि कस्तो रहेको छ ?

.........................................................................................................

२. विद्यालयमा प्रयोगशाला, पुस्तकालय, शैक्षिक सामग्रीको उपलब्धता कस्तोछ ?

.........................................................................................................

३. विद्यालय व्यवस्थापन समितिबाट शिक्षकहरू माथि कुनै हस्तक्षेप र दबाब हुने गरेको छ ?

.........................................................................................................

४. शिक्षकको पेसागत विकासमा विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिबाट कस्तो सहयोग पाउनु भएको छ ?

.........................................................................................................

५. विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएको भए त्यस कार्यबाट विद्यालयको शैक्षिक विकासमा कस्तो प्रभाव परेको छ ?

.........................................................................................................

६. शिक्षकहरूका पेसागत संघ संगठनहरूले विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यको विरोध गरेका छन् , यसमा तपाईको के धारणा छ ?

.........................................................................................................

७. विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएपछि त्यसबाट के कस्ता राम्रा र नराम्रा कुराहरू देख्नुभएको छ ? देखिएका समस्याहरूको समाधानको लागि के सुझाव दिनुहुन्छ ?

.........................................................................................................

# अनुसूची -५

## समुदायद्वारा विद्यालयको व्यवस्थापन

### अभिभावकहरूको लागि तयार गरिएको प्रश्नावली

विद्यालयको नाम : ठेगाना :

अभिभावकको नाम :

एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि तयार गर्न लागिएको शोधपत्रका लागि निम्न प्रश्नावली भरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

१. तपाइँले विद्यालयको विकासको लागि तपाईहरूले के कस्तो आर्थिक सहयोग गर्दै आउनु भएको छ ?

..........................................................................................................

२. विद्यालयको व्यवस्थापन समुदयामा हस्तान्तरण गर्ने कार्य तपाईलाई कस्तो लाग्छ ?

..........................................................................................................

३. तपाईहरूको विद्यालय समुदायमा हस्तान्तरण भएको हो भने सरकारबाट कुनै सहयोग नपाए पनि तपाईहरू विद्यालय सञ्चालन गर्न सक्नुहुन्छ ?

..........................................................................................................

४. विद्यालयले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरूको बारेमा तपाईहरूलाई जानकारी हुन्छ कि हुदैन ?

..........................................................................................................

५. तपाईहरूको नानीको परिक्षा परिणाम कस्तो छ ?

..........................................................................................................

६. विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा तपाईहरूको कस्तो सहभागिता रहने गरेको छ ? के प्रजातान्त्रिक विधीबाट समिति गठन हुने गरेका छ ?

..........................................................................................................

७. विद्यालय र समुदायको बीचमा सुमधुर सम्वन्ध कायम गर्न विद्यालय व्यवस्थापन समितिले के के कामहरू गरेको पाउनु भएको छ ?

..........................................................................................................

८. विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा के कस्ता समस्याहरू देखा परेका छन्?

..............................................................................................................

९. ती समस्याहरूका समाधानको लागी के सुझाव दिनुहुन्छ ?

..............................................................................................................

## अनुसूची- ६

## समुदायद्वारा विद्यालयको व्यवस्थापन

### रुजुसूची

विद्यालयको भौतिक अवस्थाको बारेमा जानकारी प्राप्त गर्न निम्न अनुसारको रुजुसूची प्रयोग गरिने छ ।

विद्यालयको नाम :                                        ठेगाना :

| क.सं | विद्यालयको भौतिक अवस्थाको पक्षहरू | उच्च | मध्यम | न्युन | कैफियत |
|---|---|---|---|---|---|
| १ | कक्षाकोठाको अवस्था | | | | |
| २ | खानेपानिको व्यवस्था | | | | |
| ३ | सौचालयको व्यवस्था | | | | |
| ४ | प्रयोगशालाको अवस्था | | | | |
| ५ | खेल मैदानको अवस्था | | | | |
| ६ | फर्निचरको अवस्था | | | | |
| ७ | विद्यालयमा विधुतको व्यवस्था | | | | |
| ८ | खेल सामग्रीको व्यवस्था | | | | |
| ९ | पुस्तकालयको अवस्था | | | | |
| १० | विद्यालय घेरावारा | | | | |
| ११ | फुलबारी बगैंचा | | | | |

अनुसूची- ७

# समुदायद्वारा विद्यालयको व्यवस्थापन

## विद्यालय निरिक्षक र एकजना स्रोत व्यक्तिबाट प्राप्त तथ्याङ्क

| क.स | राम्रा पक्षहरू | संख्या | प्रतिशत | कमजोर पक्षहरू | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयले आर्थिक र भौतिक सहयोग धेरै प्राप्त गर्न सकेको । | ३ | १०० | आर्थिक अनुदान पाउने प्रलोभनले व्यवस्थापन जिम्मा लिएको । | ३ | १०० |
| २ | वि.व्य.स. तथा अभिभावकको सक्रियता बढेकोले शैक्षिक सुचकहरू राम्रो हुनु । | ३ | १०० | अधिकार प्राप्तिको तुलनामा कर्तव्य पुरा गर्न नसक्नु । | ३ | १०० |
| ३ | विद्यालय व्यवस्थापन समितिले बढी अधिकार हरू प्राप्त गर्न सकेको । | २ | ६६.६६ | वि.व्य.स. को कार्यकुसलतामा बृद्धि हुन नसकेको । | २ | ६६.६६ |
| ४ | विद्यालयले विविध शिर्षकमा धेरै अनुदान रकम प्राप्त गर्न सकेको | ३ | १०० | शिक्षकहरूले आफ्नो पेसागत सुरक्षामा संका गर्नु । | ३ | १०० |
| ६ | विद्यालय र समुदायको सम्बन्ध घनिष्ट हुनगई समुदायमा विद्यालयप्रति अपनत्वको भावना बढेर गएको । | २ | ६६.६६ | शिक्षण संस्थाहरूमा पदलोलुपता बढ्न गई राजनीतिक चलखेल हुने गरेको । | ३ | १०० |

अनुसूची- ८

# समुदायद्वारा विद्यालयको व्यवस्थापन

नमूना छनौटमा परेका पाँचवटा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूबाट प्राप्त तथ्याङ्क

| राम्रा पक्षहरू | संख्या | प्रतिशत | कमजोर पक्षहरू | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| विद्यालयलाई धेरै आर्थिक अनुदान प्राप्त हुनु । | ५ | १०० | एकमुस्ट अनुदानको प्रलोभनले व्यवस्थापन जिम्मा लिन तत्पर हुनु | ४ | ८० |
| अभिभावकमा विद्यालय आफ्नो हो भन्ने भावनाको विकास भएको | ५ | १०० | विद्यालय व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिन समुदाय सक्षम भइनसक्नु । | ५ | १०० |
| विद्यालयमा शैक्षिक सुधार हुदै जानु । | ४ | ८० | विद्यालयमा राजनीतिक दाउपेज बढ्नु । | ५ | १०० |
| विद्यालय प्रति वालवालिकाको आकर्षण बढ्नु । | ५ | १०० | समुदाय सक्षम बनाएन आवश्यक भएको । | ४ | ८० |
| उत्पीडित, दलित, जनजातीका बालवालिकाहरूलाई राहत पुगेको । | ४ | ८० | विद्यालयले पूर्णरुपमा स्वायत्तता प्राप्त गर्न नसक्नु । | ५ | १०० |
| | | | | | |

# अनुसूची- ९

## समुदायद्वारा विद्यालयको व्यवस्थापन

### नमूना छनौटमा परेका ५ वटा विद्यालयका ५ जना प्रधानाध्यापकहरूबाट प्राप्त तथ्याङ्क

| राम्रा पक्षहरू | संख्या | प्रतिशत | कमजोर पक्षहरू | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| विद्यालयले स्वायत्तताको महशुस गरेको । | ५ | १०० | विद्यालय व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिन समुदाय सक्षम भई नसकेको । | ५ | १०० |
| विद्यालयले गर्ने महत्वपूण निर्णय प्रकृयमा समदायको संलग्नता बढेको । | ५ | १०० | प्रशासनिक काममा वि.व्य.स.बाट दवाव आउने गरेको । | ५ | १०० |
| विद्यालय र समुदाय बीचमा घनिष्ट सम्बन्ध भएको । | ५ | १०० | आफ्नो पेसागत सुरक्षा प्रति शिक्षकहरूमा त्रास उत्पन्न भएको । | ५ | १०० |
| आर्थिक कारोवार पारदर्शी हुनु । | ५ | १०० | विद्यालयमा राजनीतिक चलखेल बढेको | ४ | ८० |
| विद्यालयमा भर्ना अभियान प्रभावकारी हुन थालेको । | ४ | ८० | जि.शि.का.बाट निरीक्षण तथा अनुगमन हुने नगरेको | ५ | १०० |
| शैक्षिक गुणस्तर सुधारमा समिती, अभिभावक, शिक्षक, तथा विद्यार्थीहरूको सक्रियता बढेको । | ५ | १०० | विद्यालय व्यवस्थापन समितिले आफ्नो अधिकार र कर्तव्यको निर्वाह गर्न नसकेको । | | |
| शैक्षिक गुणस्तर सुधारमा बालक्लबको गठन भई सक्रियता बढेको | ४ | ८० | दातृनिकायको निर्देशनमा कार्यक्रम आएकोले सवैको सहयोग नमिल्नु । | ४ | ८० |

# अनुसूची- १०
# समुदायद्वारा विद्यालयको व्यवस्थापन

## नमूना छनौटमा परेका ५ वटा विद्यालयका शिक्षकहरूबाट प्राप्त तथ्याङ्क

| क्र. स. | राम्रा पक्षहरू | संख्या | प्रतिशत | कमजोर पक्षहरू | संख्या | प्रति शत |
|---|---|---|---|---|---|---|
| १. | विद्यालयमा स्वच्छ शैक्षिक वातावरण भई शैक्षिक सुचकमा सुधार भएको । | १० | १०० | शिक्षकहरूको पेसागत सुरक्षामा आँच आएको । | १० | १०० |
| २. | सवै पक्षमा जिम्मेवारी बोधको भावना बढेको । | ८ | ८० | विद्यालय व्यवस्थापन समिती सर्वेसर्वा वन्न खोज्नु | ८ | ८० |
| ३. | पुस्तकालय, प्रयोगशाला र शैक्षिक सामाग्रीको उपलब्धता बढेको । | १० | १०० | समुदाय सचेत नभएकोले विद्यालयको व्यवस्थापन गर्न असमर्थ हुनु । | १० | १०० |
| ४. | विद्यालय आर्थिक रुपले सवल बन्नु । | ९ | ९० | विद्यालयमा टाठावाठा अभिभावको हालिमुहाली हुनु । | ८ | ८० |
| ५. | संघ संस्थाको सहयोग बढ्नु । | ७ | ७० | वि.व्य.स.लाई आप्नो अधिकार र कर्तव्यको राम्रो ज्ञान नहुनु । | १० | १०० |
| ६. | विद्यालयमा अनुशासित वातावरण कायम गर्न सहयोग पुग्नु । | ७ | ७० | शिक्षाको दायित्वबाट सरकार पन्छन खोज्नु । | १० | १०० |
| ७. | विद्यालय व्यवस्थापन समितीलाई अधिकार सम्पन्न गराईनु । | १० | १०० | | | |

अनुसूची- ११

## समुदायद्वारा विद्यालयको व्यवस्थापन

नमूना छनौटमा परेका पाँचवटा विद्यालयका १५ जना अभिभावकहरूबाट प्राप्त तथ्याङ्क

| क्र. स. | राम्रा पक्षहरू | संख्या | प्रतिशत | कमजोर पक्षहरू | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयसंग अभिभावकको सम्बन्ध राम्रो र नजिकको भएको । | १५ | १०० | वि.व्य.स.को गठन हुंदा राजनीतिक भागवन्डा हुनु । | १५ | १०० |
| २. | विद्यालयले गर्ने महत्वपूर्ण निर्णय प्रकृयामा अभिभावकको सहभागिता बढेको । | १५ | १०० | कार्यक्रमको वारेमा अभिभावकहरूमा चेतना नभएको । | १२ | ८० |
| ३. | विद्यालय हाम्रो हो भन्ने भावना वढेको । | १३ | ८६.६६ | भविष्यमा सरकारबाट सहयोग नपाइने होकी भन्ने डर रहेको । | १० | ६६.६६ |
| ४. | छात्रबृत्ति प्राप्त गरी लाभान्वित भएको । | १३ | ८६.६६ | टाठाबाठा अभिभावकहरूको चलखेल बढ्नु । | १२ | ८० |
| ५. | स्रोत र साधनको परिचालनमा जनसहभागिता बढेको | १० | ६६.६६ | | | |
| ६. | वि.व्य.स. र विद्यालय प्रशासनले अभिभावकहरूलाई विद्यालयमा आइरहने वातावरण निर्माण गरेको । | १२ | ८० | | | |